# हाम्रो सूर्यविनायक

कक्षा ५

**लेखक**

निशान निष्कर्ष
राजेश घिमिरे
डिल्लीप्रसाद वाग्ले

# हाम्रो भनाइ

विद्यालय तहको शिक्षालाई जीवनोपयोगी, व्यावहारिक, स्थानीय स्रोत र साधनसँग परिचित गराउँदै बालबालिकामा अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराउने मूल ध्येयका साथ सूर्यविनायक नगरपालिकाद्वारा तयार पारिएको स्थानीय पाठ्यक्रम २०७८ का विषयवस्तु, क्षेत्र र क्रममा आधारित रहेर प्रस्तुत पाठ्यपुस्तक निर्माण गरिएको छ । यस पाठ्यपुस्तकमा स्थानीय ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय स्थल तथा अन्य सेरोफेरोका महत्वपूर्ण स्थल एवम् विषयवस्तु समावेश गरिएको छ । यस पाठ्यपुस्तकमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय आवश्यकताको आधारमा स्थानीय विषयवस्तुलाई समावेश गरिएको छ ।

यसमा धार्मिक, सांस्कृतिक विविधताभित्रको एकता, सूर्यविनायक नगरपालिकाभित्रको पर्यटकीय सौन्दर्य, धार्मिक आस्था, प्रकृतिक स्रोत, विभिन्न परम्परागत एवम् आधुनिक प्रणाली, जात्रा तथा उत्सवजस्ता निधिलाई विषयवस्तुभित्र समेटिएको छ । यसले गर्दा यस सूर्यविनायक नगरपालिकाअन्तर्गतका विद्यालयबाट आधारभूत तह उत्तीर्ण गरेका विद्यार्थीले उल्लिखित विषयवस्तुसँग सम्बन्धित पाहुनालाई मार्गदर्शन गर्न सक्ने पाठ्यक्रमको अपेक्षालाई यस पाठ्यपुस्तकले समेटेको छ । पाठ्यपुस्तकमा बालबालिकाको उमेर, कक्षा र तहगत सिकाइस्तर फरक हुने हुनाले यस पक्षमा पनि ध्यान पुऱ्याइएको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन निरन्तर प्रक्रिया भएकाले आगामी दिनमा सरोकारवाला निकाय, शिक्षक, विद्यार्थी, अभिभावक, पाठक र विद्वान्बाट प्राप्त रचनात्मक सुझावका आधारमा परिमार्जन गर्दै लगिने छ । यसलाई क्रियाकलापमुखी र विद्यार्थी केन्द्रित बनाउने, रङ्गीन चित्र राख्ने र सिर्जनात्मक क्षमता वृद्धि गर्ने खालका अभ्यास सामग्री समेट्ने तथा आवश्यकताअनुसार शिक्षण निर्देशन दिइएको छ । यस पुस्तकमा क्रियाकलापअर्न्तगत रहेका सामूहिक क्रियाकलाप तथा सिर्जना/परियोजनाअर्न्तगतका निर्देशनअनुसार विविध कार्य गरी विद्यार्थीलाई शिक्षण गराउनु आवश्यक रहेको छ ।

यसमा पाठमा पाठ्यक्रमलाई आधार बनाउँदै छिर्ने ढोका, पूर्वज्ञान, घुम्ने थलो, घुमेपछिको काम र निस्कने ढोका गरी पाठको संयोजन गरिएको छ । छिर्ने ढोका र पूर्वज्ञानबाट विद्यार्थीमा पाठ पढ्नुअघि आफूसँग भएको ज्ञानको बारेमा जानकारी पाउँछन् भने शिक्षकले पनि उक्त कुरामा विद्यार्थीको ज्ञानको तहको मूल्याङ्कन गर्न सक्छन् । घुम्ने थलो पाठगत ज्ञान हो भने घुमेपछिको काम त्यस पाठमा आधारित रहेर गरिने क्रियाकलाप हो । यसले विद्यार्थीमा क्रियाकलाप गर्ने क्षमताको विकास गराउँछ । त्यस्तै निस्कने ढोकाले उक्त एकाइभरिमा विद्यार्थीले केकस्ता सिकाइ उपलब्धि प्राप्त गरे भन्ने कुराको मूल्याङ्कन गर्छ ।

पाठ्यपुस्तक शिक्षण सिकाइको महत्वपूर्ण साधन हो । यसबाट पाठ्यक्रमद्वारा लक्षित उद्देश्य हासिल गर्न मद्दत पुग्छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्यक्रमको मूल मर्मलाई सम्बोधन गर्ने किसिमका कविता, कथा, संवाद, चिठीलगायतका रचनालाई पनि स्थान दिइएको छ । यस पाठ्यपुस्तकको लेखन तथा सम्पादन निशान निष्कर्ष, राजेश घिमिरे र

डिल्लीप्रसाद वाग्लेबाट भएको हो । यसको थप परिमार्जन कार्यमा नगर प्रमुख श्री वासुदेव थापा, उपप्रमुख श्री सरिता भट्टराई तिमिल्सना, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र कँडेल, नगर प्रवक्ता श्री रविन्द्र सापकोटा, शिक्षा शाखा प्रमुख श्री रत्नबहादुर कटुवाल, अधिकृत श्री सरस्वती कोइराला, श्री उल्झन अधिकारी, श्री गोकुल राउतको प्रशासकीय सहयोग तथा लेखरचना उपलब्ध गराउन श्री रत्न सायमी, श्री ज्योति अधिकारी, श्री रामकुमारी प्रजापति, श्री कर्नेश राजथला, श्री प्रज्वल अधिकारी, श्री एकेन्द्र खड्का, श्री डा. हरिप्रसाद सिलवाल र श्री आरजु सुवेदीको विशेष योगदान रहेको छ । यसको भाषा सम्पादन श्री डा. गणेश प्रसाद भट्टराईज्यूबाट र लेआउट डिजाइन श्री .... बाट भएको हो । उहाँहरूलगायत पाठ्यपुस्तकमा सामग्री उपलब्ध लेखक र सम्बद्ध सबैप्रति नगरपालिका कृतज्ञता प्रकट गर्छ ।

अन्त्यमा पाठ्यपुस्तकमा भएका त्रुटि औँल्याइदिनु भई रचनात्मक सुझावको अपेक्षा गर्दै स्थानीय पाठ्यक्रम कार्यान्वयन गरी नगरपालिकाको उद्देश्य पूरा गरिदिन शिक्षक, विद्यार्थी र अभिभावकमा हार्दिक अनुरोध छ ।

**सूर्यविनायक नगरपालिका**


# विषयसूची


| पाठ | पाठको नाम | पृष्ठ |
| --- | --- | --- |
| **एकाइ एक :परिचय** | | |
| घुम्ने थलो १ | नगरपालिकाको भौगोलिक परिचय | |
| घुम्ने थलो २ | जनसङ्ख्याका आधारमा सूर्यविनायक | |
| **एकाइ दुई : हाम्रो संस्कृति, मूल्य र मान्यता** | | |
| घुम्ने थलो १ | धर्म र संस्कृति | |
| घुम्ने थलो २ | हाम्रा संस्कार र परम्परा | |
| घुम्ने थलो ३ | हाम्रा वेशभूषा | |
| **एकाइ तीन : प्राकृतिक सम्पदा तथा स्थानीय जडीबुटी** | | |
| घुम्ने थलो १ | बहिनीलाई चिठी | |
| घुम्ने थलो २ | खानामा जडीबुटी | |
| **एकाइ चार : हाम्रो पर्यटन** | | |
| घुम्ने थलो १ | पर्यटनका प्रकार | |
| घुम्ने थलो २ | एक दिने भ्रमण | |
| **एकाइ पाँच : सामाजिक सङ्घसंस्था र घरेलु तथा साना उद्योग** | | |
| घुम्ने थलो १ | हाम्रा सङ्घसंस्था | |
| घुम्ने थलो २ | स्थानीय मौलिक प्रविधि | |
| घुम्ने थलो ३ | घरेलु तथा परम्पागत उद्योग | |
| **एकाइ छ : स्थानीय कृषि र पशुपालन** | | |
| घुम्ने थलो १ | पुष्प व्यवसाय र यसका फाइदा | |
| घुम्ने थलो २ | सफल कृषक नवीन | |
| **एकाइ सात : शिक्षा, स्वास्थ्य र खेलकुद** | | |
| घुम्ने थलो १ | सामुदायिक पुस्तकालय र आवश्यकता | |
| घुम्ने थलो २ | स्वस्थ जीवन : सुखी जीवन | |
| घुम्ने थलो ३ | बाघचाल | |
| **एकाइ आठ : सूचना, सञ्चार तथा यातायात** | | |
| घुम्ने थलो १ | सामाजिक सञ्जाल र उपयोग | |
| घुम्ने थलो २ | यातायातमा सूर्यविनायक | |
| **एकाइ नौ : विपत् र विपत् व्यवस्थापन** | | |
| घुम्ने थलो १ | प्रकोप र व्यवस्थापन | |
| घुम्ने थलो २ | सूचना | |

# एकाइ एक : परिचय

**छिर्ने ढोका**

**तल दिइएको चित्र हेर्नुहोस् :**




**पूर्वज्ञान**

(क) यो कुन नगरपालिकाको चित्र हो ?


(ख) यस नगरपालिकामा कतिओटा वडा छन् ?

**घुम्ने थलो १**

# नगरपालिकाको भौगोलिक परिचय

## १.नगरपालिकाको भूबनोट

नेपालको राजधानी काठमाडौँदेखि करिब १४ कि.मि. मा पर्ने सूर्यविनायक नगरपालिका काभ्रेपलाञ्चोक जिल्लासँग जोडिएको छ । भक्तपुर जिल्लामा रहेका चारओटा नगरपालिकामध्ये यो नगरपालिका क्षेत्रफलको हिसाबले **दोस्रो** नम्बरमा पर्छ । जनसङ्ख्याका हिसाबले पहिलो नम्बरमा पर्छ । यस नगरपालिकाको पूर्वमा चाँगुनारायण र बनेपा नगरपालिका पर्छन् । पश्चिममा महालक्ष्मी नगरपालिका छ । उत्तरमा भक्तपुर, चाँगुनारायण र मध्यपुर थिमि नगरपालिका पर्छन् । दक्षिणमा पनौती नगरपालिका पर्छ । हिन्दु धर्मावलम्बीको पवित्र तीर्थस्थल सूर्यविनायक मन्दिरको नामबाट यस नगरपालिकाको नामकरण गरिएको हो । यो नगरपालिका धार्मिक तथा सांस्कृतिक रूपले महत्वपूर्ण छ । यहाँ भौगोलिक बनोट, हावापानी, वनजङ्गल, नदीनाला, बसोबास, रहनसहन र वेशभूषाका दृष्टिले विविधता छ । यहाँ विभिन्न जातजातिको बसोबास छ । यो नगरपालिका समुद्र सतहबाट १२७६ मिटर उचाइदेखि २०२२ मिटरको उचाइमा रहेको छ ।




## २. हावापानी

वि.सं. २०७३ फाल्गुण २७ मा त्यति बेलाको सूर्यविनायक नगरपालिका र अनन्तलिङ्गेश्वर नगरपालिका मिलाएर सूर्यविनायक नगरपालिकाको बनेको हो । सूर्यविनायक नगरपालिकामा सबैभन्दा गर्मी जुन(जेठ

र असार) महिनामा हुन्छ । जुन महिनामा यहाँको औसत उच्च तापक्रम २९.१ डिग्री सेल्सियस र औसत न्यूनतम तापक्रम ४.१ डिग्री सेल्सियस हुन्छ । यस नगरपालिकामा सबैभन्दा चिसो (जाडो) जनवरी (पुस र माघ) महिनामा हुन्छ । जनवरीमा औसत उच्च तापक्रम १९.१ डिग्री सेल्सियस र औसत न्यूनतम तापक्रम २.४ डिग्री सेल्सियस हुन्छ । वनजङ्गलका दृष्टिले यो नगरपालिका सम्पन्न छ । नगरपालिकाको जम्मा क्षेत्रफलको २२ प्रतिशत क्षेत्र वनजङ्गलले ओगटेको छ । यहाँ वार्षिक औसत ३६० मिलिलिटर वर्षा हुने गर्छ ।

यस नगरपालिकाको हरेक वडाको भूबनोट फरक फरक किसिमको रहेको छ । यस प्रकारको भूबनोटले यस पालिकाको परिचय पनि थपेको छ । विभिन्न प्रसिद्ध धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू यहाँका विशेषता हुन् ।

**घुमेपछिको काम**

**१. बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) यस नगरपालिकाको सबैभन्दा ठुलो वडा ३ नं. वडा हो ।

(ख) यस नगरपालिकामा वनक्षेत्र पाइँदैन ।

(ग) भक्तपुर जिल्लामा पाँचओटा नगरपालिका रहेका छन् ।

(घ) क्षेत्रफलको हिसाबले सूर्यविनायक नगरपालिका भक्तपुरको सबैभन्दा ठुलो नगरपालिका हो ।

**२. तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

(क) सूर्यविनायक नगरपालिकाको पूर्व, पश्चिम, उत्तर र दक्षिण सिमाना लेख्नुहोस् ।

(ख) सूर्यविनायक नगरपालिकामा कस्तो खालको हावापानी पाइन्छ ? एक अनुच्छेदमा लेख्नुहोस् ।

(ग) "सूर्यविनायकको भूबनोट तथा हावापानी पर्यटन व्यवसायका लागि सुहाउँदो छ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(घ) यदि तपाईंलाई बस्नका लागि भक्तपुरको कुनै एक नगरपालिका छान्न लगाइयो भने कुन नगरपालिका छान्नुहुन्छ ? किन ?

**३. तपाईं बसेको ठाउँ यस नगरपालिकाको कति नं. वडामा पर्छ ? त्यस वडाको विशेषता सामूहिक रूपमा छलफल गरी बुँदागत रूपमा टिपोट गरी कक्षामा सुनाउनुहोस् ।**

**घुम्ने थलो २**

# जनसङ्ख्याका आधारमा सूर्यविनायक

सूर्यविनायक नगरपालिकामा जनसङ्ख्याको हिसाबले मिश्रित बस्ती छ। यसको केही भाग सहरी क्षेत्र र केही भाग ग्रामीण क्षेत्रका रूपमा रहेको छ। विशेष गरी वडा नं.२, ३, ५ र ६ मा सहरी बस्ती छन्। वडा १, ४, ७, ८, ९ र १० मा ग्रामीण बस्ती छन्।



वि.सं. २०७८ को जनगणनाअनुसार यस नगरपालिकाको जम्मा जनसङ्ख्या १,४०,०८५ (एक लाख चालिस हजार पचासी) रहेको छ। समग्र जनसङ्ख्याको विवरण हेर्दा पुरुषभन्दा महिलाको जनसङ्ख्या केही बढी देख्न सकिन्छ। यस नगरपालिकामा बसोबास गर्ने महिलाको सङ्ख्या ७०,१७० रहेको छ भने पुरुषको सङ्ख्या ६९,९१५ रहेको छ। यहाँ पहाडी खस आर्य जातिको बाहुल्यता छ। हिन्दु, बौद्ध, क्रिस्चियन धर्मावलम्बीको बसोबास छ। यहाँ ३५,८६५ परिवार र २३६३७ घरधुरी रहेका छन्।

यो नगरपालिका भाषिक र सांस्कृतिक विविधताले भरिपूर्ण छ। यहाँ  नेपाली, नेवारी र तामाङ भाषा बोलिन्छ। सूर्यविनायक करिब दुई दर्जनभन्दा बढी धार्मिक स्थल तथा पर्वहरूको सङ्गम थलो हो। सूर्यविनायक नगरपालिकालाई १० ओटा वडामा विभाजन गरिएको छ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) सूर्यविनायक नगरपालिकाको जनसङ्ख्या कति छ ?

(ख) सूर्यविनायक नगरपालिकामा बसोबास गर्ने पुरुषको सङ्ख्या कति छ ?

(ग) सूर्यविनायक नगरपालिकामा बसोबास गर्ने महिलाको सङ्ख्या कति छ ?

(घ) सूर्यविनायक नगरपालिकामा २०७८ को जनगणनाअनुसार कति घरधुरी रहेका छन् ?

(ङ) सूर्यविनायक नगरपालिकामा कुन कुन धर्म मान्ने मानिस बस्छन् ?

**२. तलका खाली ठाउँमा उपयुक्त शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) सूर्यविनायक नगरपालिकामा ....ओटा वडा छन् ।

(ख) सूर्यविनायक नगरपालिका धार्मिक तथा....विविधताले भरिपूर्ण छ ।

(ग) सूर्यविनायक नगरपालिकाका ....भाग सहरी र ..... भाग ग्रामीण क्षेत्रमा पर्छ ।

(घ) यस नगरपालिकामा ....को भन्दा ...को जनसङ्ख्या बढी देखिन्छ ।

**३. तपाईंको कक्षामा कुन कुन धर्म मान्ने मान्छे कति कति जना हुनुहुन्छ ? कापीमा टिप्नुहोस् ।**

**निस्कने ढोका**

**सूर्यविनायक नगरपालिकामा सबैभन्दा कम र सबैभन्दा धेरै जनसङ्ख्या भएको वडा पत्ता लगाउनुहोस् ।**

# एकाइ दुई : हाम्रो संस्कृति, मूल्य र मान्यता

**छिर्ने ढोका**

**दसैँमा टीका लगाएको चित्र हेर्नुहोस् :**



**पूर्वज्ञान**

(क) यी तस्बिरमा मानिस के गरिरहेका छन् ?
(ख) यो संस्कार कहिलेदेखि चल्यो होला ?
(ग) टीका कसले कसलाई लगाइदिने प्रचलन छ ?

**घुम्ने थलो १**

# धर्म र संस्कृति

सूर्यविनायक नगरपालिकामा धर्मिक र सांस्कृतिक विविधता पाइन्छ । यहाँ विभिन्न जातजाति र धर्मलाई आफ्नो संस्कृतिसँग जोडेर मान्ने गरेको देखिन्छ । हिन्दु धर्म मान्ने जनसङ्ख्याको बाहुल्य भए पनि बौद्ध, क्रिस्चियन तथा मुस्लिम धर्म मान्ने पनि छन् । यहाँ बसोबास गर्ने मानिसले आआफ्ना धर्म र संस्कृतिसँग जोडिएका संस्कृति तथा पर्व मनाउँछन् । यहाँका मुख्य पर्व दसैं, तिहार,जनैपूर्णिमा, तिज, माघे सङ्क्रान्ति, शिवरात्री, फागुपूर्णिमा हुन् । नेवार समुदायले बिस्का जात्रा, यःमरी पूःन्ही, गाईजात्रा पर्व मनाउँछन् । तामाङ समुदायले ल्होसार मनाउँछन् ।

सूर्यविनायक नगरपालिकाभित्र मनाइने जात्रा तथा पर्व

| जात्राको नाम | मनाउने समय |
|---|---|
| बिस्का जात्रा | नयाँ वर्षको अवसरमा |
| गाईजात्रा | साउन वा भदौ |
| यःमरी पून्ही | मङ्सिर वा पुस |
| छुस्याहा मुस्याहा जात्रा | कात्तिक |
| माघे सङ्क्रान्ति | माघ |
| जनै पूर्णिमा, क्वाँटी खाने दिन | साउन वा भदौ |
| महालक्ष्मी जात्रा | साउन |
| घण्टाकर्ण जात्रा | साउन वा भदौ |
| कृष्ण जात्रा, भिमसेन जात्रा | भदौ |
| सुशिलाखा भैरव जात्रा | बैशाख |
| चरखन्डी जात्रा | वैशाख |
| देवगन नाच | साउन |
| लाखे नाच | साउन वा भदौ |
| पाथिभरा मन्दिर मेला | भदौ वा असोज |
| दोलखा भिमसेन मेला | भदौ वा असोज |
| अनन्त कुण्ड जात्रा | भदौ |
| लिखानारायण मन्दिरमा मेला | हरिबोधनी एकादशी |
| डोलेश्वर मेला | शिवरात्री |

सूर्यविनायक नगरपालिका धार्मिक पर्यटनका लागि पनि महत्वपूर्ण छ । यस नगरपालिकाका हरेक वडामा एउटा न एउटा महत्वपूर्ण धार्मिक स्थान रहेका छन् । यस नगरपालिकाका १०ओटा वडामा रहेका शिवालयलाई जोडेर शिव सर्किट निर्माण कार्य सुरु भइसकेको छ । वडा नं. ८ मा रहेको डोलेश्वर



महादेव केदारनाथको शिर हो । यो विश्वका सम्पूर्ण हिन्दुको महत्वपूर्ण धार्मिक स्थलको रूपमा स्थापित हुँदै छ । सूर्यविनायक र काभ्रेको सिमाना(वडा नं. १०)मा रहेको साँगाको १०८ फिट अग्लो महादेवको मूर्ति र नटरम्भेश्वर पनि प्रमुख धार्मिक पर्यटनको केन्द्र बन्दै गएको छ । सूर्यविनायकको वडा नं ६ र ८ मा पर्ने सूर्यविनायक गणेश मन्दिर र वडा नं. १ मा रहेको सोमलिङ्गेश्वर प्रसिद्ध धार्मिक स्थल हुन् । वडा नं. २ को गुप्तेश्वर, वडा नं. ४ को अनन्तलिङ्गेश्वर, वडा नं. ५ सुशिलाखा भैरव र सुवर्णेश्वर त्यतिकै प्रसिद्ध छन् । यहाँ वडा नं. ७ मा रहेको पाइलट बाबा, वडा नं. ८ को डोलेश्वर र वडा नं. ९ को नन्दिकेश्वर, जस्ता प्रसिद्ध धार्मिक स्थल रहेका छन् ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नको धेरै छोटो उत्तर लेख्नुहोस् :**

(क) सूर्यविनायकमा मनाइने प्रमुख चाडपर्व के के हुन् ?

(ख) सूर्यविनायकमा भएका प्रमुख धार्मिक स्थलको नाम लेख्नुहोस् ।

(ग) हाम्रा धार्मिक पहिचानका धरोहरलाई हामीले किन जोगाउनुपर्छ ?

(घ) तपाईं बसेको वडामा कुन कुन धार्मिक स्थल छन् ?

**२. शिक्षक र साथीहरूको सहयोगमा तलका धार्मिक परंम्पराका बारेमा प्रत्येकको एक अनुच्छेद लेख्नुहोस् :**

(क) चरखण्डी जात्रा (ख) यःमरी पुःन्ही (ग) तिहार

**३. तलका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :**

(क) पाइलट बाबाको आश्रम वडा नं १ मा रहेको छ ।

(ख) डोलेश्वरलाई केदारनाथको शिर पनि भनिन्छ ।

(ग) बिस्का जात्रा भक्तपुरमा मनाइने एक प्रमुख जात्रा हो ।

(घ) भैरव जात्रा कात्तिक महिनामा मनाइन्छ ।

(ङ) राम्रा खालका परम्परा, संस्कार र संस्कृतिलाई हामी सबै मिलेर जोगाउनुपर्छ ।

**४. तपाईं आफू सहभागी भएको कुनै जात्रा, पर्व आदिका बारेमा बयान गर्दै टाढा बसेका आफ्ना साथीलाई चिठी लेख्नुहोस् ।**

**घुम्ने थलो २**

## हाम्रा संस्कार र परम्परा

संस्कार शब्दको मूल अर्थ शुद्धीकरण हो । संस्कार धार्मिक कार्य हुन् । संस्कार व्यक्तिको शरीर, मन र दिमागलाई समाज अनुकूल बनाउने माध्यम हो । हिन्दु संस्कारको उद्देश्य व्यक्तिमा आवश्यक गुण विकास गर्नु हो । पुर्खाले मान्दै आएका चलनलाई निरन्तरता दिनु नै परम्परा हो । परम्पराभित्र नयाँ पुस्ताले पुराना पुस्ताले गरेका चलनलाई निरन्तरता दिइन्छ । कहिले मेला लाग्ने, कहिले के पूजा गर्ने, कहिले बिहे गर्ने भन्ने कुरा संस्कारअनुसार हुन्छन् ।

### १. नामकरण संस्कार

नवजात शिशुको नाम राख्ने संस्कारलाई नामकरण संस्कार भनिन्छ । यसलाई न्वारन पनि भनिन्छ । नामकरण शिशु जन्मिएको एघारौँ दिनमा गरिन्छ । नवजात शिशुको नामकरण जन्म समयको नक्षत्रका आधारमा गरिन्छ । बाबुआमाको इच्छा, वंश र इष्टदेवताका आधारमा पनि नामकरण गर्ने गरेको पाइन्छ । ज्योतिष विधिअनुसार नाम जुराउँदा नक्षत्रको पाउको पहिलो अक्षरबाट, नक्षत्रको स्वामीका नामबाट र जन्मेको बार र महिनाको स्वामीका नामबाट राखिन्छ ।



### २. अन्नप्राशन संस्कार

शिशुलाई पहिलो पटक अन्न खुवाउने संस्कारलाई अन्नप्राशन भनिन्छ । यसलाई पास्नी वा भात खुवाइ पनि भन्ने गरिन्छ । अन्नप्राशन छोराका लागि जन्मेको छ वा आठ महिनामा गरिन्छ । छोरीका लागि जन्मेको पाँच वा सात महिनामा गर्ने चलन छ । अन्नप्राशन शुभदिनमा लाभ, अमृत तथा शुभ वेला पारेर गराउनुपर्ने शास्त्रीय मान्यता छ । अन्नप्राशन गर्नुपूर्व अष्टचिरञ्जीवीको पूजा गर्नुपर्छ । सर्वप्रथम आमाले शिशुलाई अन्न खुवाउनुपर्छ । आमापछि बाबुले अन्न खुवाउनुपर्छ । त्यसपछि परिवारका अन्य सदस्य र इष्टमित्रले खुवाउने चलन छ ।



### ३. इहिँ यज्ञ (बेल विवाह)

इहिँ कार्यक्रम प्रायः दिन वा लगन जुराएर गर्नुपर्छ । यो सामूहिक रूपमा गर्ने चलन छ । यो पुरुषको चूडाकर्म अथवा व्रतबन्ध जस्तै कन्याको कर्म चलाउने संस्कार हो । यो कार्य सम्पन्न भएपछि नेवार समुदायका कन्यालाई आफ्नो सिउँदोमा सिन्दूर सजाउन पाउने छुट हुन्छ । आठ वर्षको उमेरमा चाहिँ

यो कर्म गर्नु हुँदैन ।  अप्ठ्यारो अवस्थामा ८४ पूजाका बखत गर्भको गणना गरेजस्तै गर्भदेखि उमेर गनिन्छ । गर्भको हिसाब गरी नौ वर्ष प्रवेश गरेको मानेर पनि कर्म चलाउने प्रथा छ । इहिँ यज्ञ गरी विवाह भएका कन्याको कुनै पुरुषसँग विवाह गर्नुपर्दा हवन यज्ञको आवश्यक्ता पर्दैन । इहिँ नगरेका कुनै कन्याको रजस्वला भयो भने तिनलाई कर्म नचलेको कन्या भन्ने गरिन्छ । यस किसिमका कन्याको विवाह गर्नुपर्दा हवन यज्ञ गरेर मात्र विवाह गरिदिने चलन छ । नेवारी संस्कारअनुसार इहिँ यज्ञ गरी विवाह भएका कन्या सदा सधवा रहने विश्वास गरिन्छ ।



यो कर्म सम्पन्न गर्न मूलतः नेवार ब्राह्मण द्यो भाजु पुरोहित हुन्छन् । नेवार ब्राह्मण उपलब्ध हुन नसकेमा स्थानीय ब्राह्मण पुरोहितद्वारा पनि कर्म सम्पन्न गरिन्छ ।  प्रायः नेवारहरू नेवार पुरोहित उपस्थित भएको सामूहिक इहिँलाई नै पहिलो प्राथमिकता दिन्छन् ।

**घुमेपछिको काम**

**१.तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस् :**

(क) नामकरण संस्कार कति दिनमा गरिन्छ ?

(ग) अन्नप्राशनलाई के पनि भनिन्छ ?

(घ) बेल विवाह भनेको के हो ?

(ङ) परम्परा भनेको के हो ?

(च) मानिस किन संस्कारयुक्त हुनुपर्छ ?

**२. तलका प्रश्नका छोटो उत्तर लेख्नुहोस् :**

(क) शिशुको नामकरण कसरी गरिन्छ ? लेख्नुहोस् ।

(ख) बेल विवाह अर्थात् इहिँ यज्ञको महत्व उल्लेख गर्नुहोस् ।

**३. पाठमा उल्लेख भएको बाहेक कुनैसंस्कारको बारेमा छोटकरीमा लेखेर कक्षामा सुनाउनुहोस् ।**

**४. व्रतबन्ध संस्कारको महत्वलाई दुई साथी विचको संवाद तयार पारेर प्रस्ट पार्नुहोस् ।**

घुम्ने थलो ३

## हाम्रा वेशभूषा

नेपालमा भाषा, धर्म र संस्कृतिको विविधता पाइन्छ । हाम्रा चाडबाड, रीतिरिवाज, वेशभूषा, पहिरन, परिकार, वाद्यवादन, गीतसङ्गीत, कलासंस्कृति फरक फरक छन् । हामी सबै आफ्ना संस्कृति, वेशभूषा, पहिरन, वाद्यवादन, कला र संस्कृतिको संरक्षणमा लाग्नुपर्छ । सूर्यविनायक नगरक्षेत्रमा पनि विभिन्न जातजातिको बसोबास छ । यहाँ तिनै जातजातिले प्रयोग गर्ने केही वेशभूषाको वर्णन गरिएको छ :

### १. हाकुपटासी



कालो फरियालाई नेवारीमा हाकुपटासी भनिन्छ । परम्परागत नेपाली हस्तकला उद्योगका प्राचीन उत्पादनमध्ये हाकुपटासी एक हो । हाकुपटासी नेपालका नेवार ज्यापुनीको पहिचान हो । नेपाली संस्कृतिको यस निधिले नेपाललाई संसारसामु चिनाएको छ । संसारले नेपाललाई सम्झने एउटा चिनो हाकुपटासी पनि भएको छ ।

### २. दौरा



दौरा लामो बाहुला भएको र अगाडि छातीमा दुई फेर गरी दुवैतिर तुना बाँध्न मिल्ने कुमदेखि घुँडासम्मको पोसाक हो। यसमा दायाँबायाँ कल्ली गाँसेर घुमाउरो फेर पारिएको हुन्छ । लगाउँदा दायाँ र बायाँका तलमाथि चार ठाउँ तुना बाँधिन्छ । दौरा दोबरी पारेर वा कठालो र फेरका भित्रपट्टि छेउमा सेप्टी लगाएर सिइएको हुन्छ। यसमा आठओटा तुना हुन्छन्। ती तुना चार ठाउँमा बाँधिन्छ।

दौरासँग सुरुवाल, टोपी र इस्टकोट लगाइन्छ। यो पोसाक लाउनेलाई नेपाली भनेर चिन्न सजिलो हुन्छ। राष्ट्रिय पोसाकका रूपमा लगाइने दौरा सुरुवाल अचेल फेसनका रूपमा पनि लोकप्रिय हुन थालेको छ।

विशेष गरेर विवाह, पास्नीजस्ता उत्सवमा दौरा सुरुवाल लगाउने चलने छ । अझ विदेशमा बसेका नेपालीले आफ्नो पहिचानका लागि भन्दै ढाकाको कपडा नेपालबाट मगाउने गरेका छन्।



**३. पाङ्देन** : पाङ्देन नेपाली पहिरन हो । यो शेर्पा र तामाङ समुदायका मुख्य रूपमा विवाहित महिलाले लगाउने धर्के कपडा हो । कम्मरभन्दा तल झुन्ड्याएर पाङ्देन लगाइन्छ । शेर्पा महिलाले शरीरको अगाडि र तामाङ महिलाले शरीरको पछाडि पाङ्देन लगाउँछन् ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) वेशभूषा भन्नाले के बुझिन्छ ?

(ख) तपाईंले दौरा सुरुवाल कसकसले लगाएको देख्नुभएको छ ?

(ग) हाकुपटासी कसले लगाउँछन् ?

(घ) पाङ्देन कुन जातिको पोसाक हो ?

(ङ) दोचा र बक्खु कसले लगाउँछन् ?

**२. "नेपालमा भाषा, धर्म र संस्कृतिको विविधता पाइन्छ।" यो भनाइप्रति तपाईंको धारणा के छ ? लेख्नुहोस् ।**

**३. तपाईंको परिवारका सदस्यले लगाउने परम्परागत पोसाकको चित्र बनाउनुहोस् वा पोसाक लगाएको फोटो खोजेर कापीमा टाँस्नुहोस् ।**

**४.पाठमा उल्लेख गरेको बाहेक कुनै एक जातिको पोसाकको बारेमा छोटकरीमा चर्चा गर्नुहोस् ।**

**निस्कने ढोका**

**आआफ्नो संस्कार बुझाउने पोसाक लगाएर आउनुहोस् र आफूले लगाएको पोसाकको बारेमा बताउनुहोस् ।**

# एकाइ तीन : प्राकृतिक सम्पदा तथा स्थानीय जडीबुटी

**छिर्ने ढोका**

**सबै जनाले कुनै न कुनै बोटबिरुवाको पात टिपेर ल्याउनुहोस् :**

**पूर्वज्ञान**

(क) कसकसले टिपेर ल्याएका पात जडीबुटी होलान् ?
(ख) माथिका जडीबुटीका नाम के के होलान् ?
(ग) यी जडीबुटी के कस्ता समस्या पर्दा काम लाग्छन् होला ?

**घुम्ने थलो १**

# बहिनीलाई चिठी

मिति : २०७९ चैत्र ३० गते

प्यारी बहिनी अरुणा

धेरै-धेरै माया !

म यहाँ सन्चै छु । तिमीलाई पनि त्यहाँ आरामै होला । उहाँहरूलाई मेरो नमस्कार सुनाइदिनू । आज धेरै दिनपछि म तिमीलाई यो चिठी लेख्दै छु ।

हाम्रो सूर्यविनायक प्राकृतिक सम्पदाले धनी छ । यहाँ धेरै किसिमका बोट तथा वनस्पति, साना ठुला नदीहरू छन् । यहाँ थरीथरीको माटो पाइन्छ । यी साधनको प्रयोग गरेर हामी हाम्रा आवश्यकताा पूरा गर्छौं ।  हामीलाई हाम्रो जीवनयापन गर्न थुप्रै वस्तु चाहिन्छ । घर बनाउन ढुङ्गा, माटो, इँटा, सिमेन्ट, डन्डी चाहिन्छ । खेतीबाली उत्पादन गर्न माटो चाहिन्छ । घाँस, दाउरा, काठ, जडीबुटीका लागि वनजङ्गल चाहिन्छ । राष्ट्रिय निकुन्ज तथा वनको शोभा बढाउन चराचुरुङ्गी, वन्यजन्तु, वनजङ्गल र वनस्पति चाहिन्छ । खेतबारीमा सिँचाइ गर्न पानी नभई हुँदैन । यी सबै प्राकृतिक सम्पदा हुन् । सम्पदा भनेको सम्पत्ति हुन् । प्राकृतिक सम्पदा नभए हाम्रो आवश्यक्ता पूरा हुँदैन । हाम्रो आवश्यक्ता पूरा भएन भने जीवन चल्न सक्दैन । यी प्राकृतिक सम्पदा एकपटक मात्र प्रयोग गरेर हामीलाई पुग्दैन । हाम्रो जीवनभर यसको प्रयोग आवश्यक हुन्छ । त्यसैले यस्ता सम्पदाको जथाभावी प्रयोग गर्ने र विनाश गर्ने काम गर्नु हुँदैन । यिनको संरक्षण गर्दै प्रयोग गर्नुपर्छ । जनसङ्ख्या हरेक वर्ष बढ्दै जान्छ । जनसङ्ख्या बढेजस्तो प्राकृतिक सम्पदा बढ्दैन । बरु प्रयोग गर्दै जाँदा घट्दै जान्छ । विचार नपुर्‍याई जथाभावी प्रयोग गर्न थालियो भने एकदिन सकिएर जान्छन् । हाम्रा सन्ततिले अभावै अभावमा बाँच्नुपर्ने हुन्छ । त्यस बेला उनीहरूको जीवन कति कष्टकर हुन्छ होला ?

त्यसैले प्यारी बहिनी, वनजङ्गलको संरक्षण गर्ने काम गरौँ । वन्यजन्तुको सुरक्षा गरौँ । माटाको संरक्षण गर्न प्राङ्गारिक मल र कम्पोस्ट मलको प्रयोगलाई बढाऔँ । पानीका स्रोतको संरक्षण गरौँ । हामीले श्वास लिने हावालाई दूषित हुन नदिऔँ । यति काम गर्न सकेमा प्राकृतिक सम्पदा जोगाउन सहयोग पुग्छ ।

आजलाई यति भन्दै बिदा माग्छु ।

तिम्रो माया गर्ने दाजु

निश्चल पाण्डे

***(पुस्तकको डिजाइन गर्दा खामको नमुना बनाउने)***

**घुमेपछिको काम**

**१.तलको घटना पढ्नुहोस्:**

हाम्रो समुदायका मानिस मिलेर वनको संरक्षण गर्न वन उपभोक्ता समिति बनाए । उनीहरूले धार्मिक स्थल वरपर सरसफाइ गरे । त्यहाँ फोहोर गर्ने व्यक्तिलाई दण्ड दिने निर्णय गरे । वन्यजन्तुको चोरी सिकारी  गर्नेलाई पक्रेर वन कार्यालयमा बुझाउने निर्णय गरे । पानीका स्रोत वरिपरि वृक्षरोपण गरे ।

माथिको घटनाको आधारमा तलको तालिका भर्नुहोस् :

| तपाईंको समुदायमा रहेका प्राकृतिक सम्पदा | संरक्षणका लागि भइरहेका प्रयास |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |

**२. कक्षाका सहभागीहरू समूहमा विभाजित हुनुहोस् । एउटा समूहले सांस्कृतिक सम्पदाको संरक्षण गर्दा हुने फाइदा भन्नुहोस् । अर्को समूहले संरक्षण नगर्दा हुने बेफाइदा भन्नुहोस् ।**

३. तलका प्रश्नको उत्तर दिनुहोस्:

(क) प्राकृतिक सम्पदा भनेको के हो ?

(ख) प्राकृतिक सम्पदाबाट हामीलाई के फाइदा हुन्छ ?

(ग) हामीले किन प्राकृतिक सम्पदा जोगाउनुपर्छ ?

**४. तपाईंको स्थानीय सरकारले पुराना सांस्कृतिक सम्पदा भत्काएर नयाँ व्यापारिक भवन बनाउन लागेको थाहा पाउनुभयो । यस्तो अवस्थामा तपाईं सरकारलाई के सल्लाह दिनुहुन्छ ? आफ्ना विचार लेखेर साथीलाई सुनाउनुहोस् ।**

**घुम्ने थलो २**

# खानामा जडीबुटी

धेरैले औषधी जडीबुटीका रूपमा प्रयोग हुन्छ भन्छन् तर पकवानमा पनि जडीबुटीको महत्व छ।

विशेष गरेर युरोपियन मुलुकबाट खानामा जडीबुटी मिसाउने चलन सुरु भएको पाइन्छ । अहिले संसारका प्रायः सबै देशले खानामा जडीबुटी प्रयोग गर्दै आएका छन्। हामीले नेपाली खानामा प्रयोग गर्ने धनियाँ, पुदिना, मेथी, जिम्बु, छ्यापी, डन्डु जडीबुटी हुन्। यिनले शरीरमा रोगप्रतिरोधात्मक शक्ति बढाउँछन् ।

भारत, चीन, बेलायत, जापान, युरोप, अमेरिका, अस्ट्रेलिया, मेक्सिको र थाइल्यान्डले आआफ्नो खानामा प्रयोग गर्ने जडीबुटी फरक फरक छन्। खानामा जडीबुटी मिसाउँदा खानाको स्वाद बढ्छ । खाना स्वास्थ्यवर्द्धक पनि हुन्छ। सबै जडीबुटीका आआफ्नै स्वाद हुन्छन् र स्वास्थ्यलाई पनि भिन्नभिन्न रूपमा फाइदा पुऱ्याउँछन् ।



धनियाँ



पुदिना



मेथी

खानामा जडीबुटी मिसाउने आफ्नै तरिका हुन्छ। होटलमा त यसको झन् महत्व छ।

**हाम्रो भान्सामा प्रयोग हुने यी हुने जडीबुटी**

विश्वभर खानामा प्रयोग हुने सयौं जडीबुटी छन् । अहिलेको व्यावसायिक भान्साका लागि यो अनिवार्य भइसकेको छ। सूर्यविनायक नगरपालिकामा तुलसी, पुदिना, रोजमेरी, ओरेगानो, धनियाँ, लेमन ग्रास, लेमन लिप्स, हरियो प्याज,  हरियो लसुन, फर्सीको मुन्टा आदि प्रमुख जडीबुटीहरु प्रयोगमा रहेका छन् ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

(क) के हामी खानेकुरामा पनि जडीबुटीको प्रयोग गर्छौं ?
(ख) लसुन, प्याज, धनियाँले हामीलाई के फाइदा गर्छन् ?
(ग) हामी पुदिनाको सेवन कसरी गर्छौं ?
(घ) हामीले प्रयोग गर्ने धेरै जसो जडीबुटीका स्रोत के हुन् ?

**२. तलका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :**

(क) जडीबुटी औषधीमा मात्र प्रयोग हुन्छ ।
(ख) जडीबुटीको सुरुवात अफ्रिकातिरबाट भएको मानिन्छ ।
(ग) हामीले जानी नजानी पनि जडीबुटीको प्रयोग गरिरहेका हुन्छौं ।
(घ) जिम्बु दालमा झानेर खानाले दालको स्वाद मिठो हुन्छ ।
(ङ) हर्रो, बर्रो र अमलाको मिश्रणलाई त्रिफला चूर्ण भनिन्छ ।

**३. तपाईंले देखेका जडीबुटीका चित्र सङ्कलन गरेर कापीमा टाँस्नुहोस् र तिनका नाम पनि लेख्नुहोस् ।**

**निस्कने ढोका**

**तपाईंको  घरमा बाबा, आमा, हजुरआमा, हजुरबा वा कोही सदस्यले जडीबुटीको प्रयोग गर्नुभएको छ कि छैन, सोधेर लेख्नुहोस् ।**

# एकाइ चार : हाम्रो पर्यटन

**छिर्ने ढोका**

**कुनै नजिकको घुम्न मिल्ने स्थान जानुहोस् :**

**पूर्वज्ञान**

(क) तपाईँ जानुभएको स्थानको नाम के हो ?
(ख) त्यहाँ कस्ता कस्ता मानिस आउँछन् ?
(ग) मानिस किन त्यहाँ आउँदा रहेछन् ?

**घुम्ने थलो १**

## पर्यटनका प्रकार

यात्रा संसारलाई हेर्ने, नयाँ संस्कृति अनुभव गर्ने र एकै समयमा नयाँ व्यक्ति भेट्ने एक प्रभावकारी तरिका हो ।  धेरै पर्यटकका लागि यात्राका थुप्रै उद्देश्य हुन्छन् । ती उद्देश्य वा पर्यटनका प्रकारबारे यसरी उल्लेख गर्न सकिन्छ । पर्यटन आन्तरीक र बाह्य हुन्छन् । कुनै देशका मानिस सोही देशका विभिन्न ठाउँ घुमफिर गर्ने कार्यलाई आन्तरिक पर्यटन मानिन्छ । आफ्नो देशभन्दा बाहिर अन्य देशका विभिन्न ठाउँ घुम्ने कार्यलाई बाह्य पर्यटन भनिन्छ । घुम्ने उद्देश्यका आधारमा पर्यटनका अन्य प्रकार निम्नलिखित् छन् :



### १. मनोरञ्जन पर्यटन

मनोरञ्जन पर्यटन सबैभन्दा साधारण किसिमको पर्यटन हो । यसमा व्यक्ति आराम गर्न, रमाइलो गर्न वा आफ्नो दैनिक जीवनभन्दा फरक रहन एक ठाउँबाट अर्को ठाउँ जाने गर्छन् । यस्ता पर्यटकको निश्चित उद्देश्य भने हुँदैन ।

### २.सांस्कृतिक पर्यटन

भ्रमणको उद्देश्य कुनै ठाउँको इतिहास र संस्कृति जान्नु भएमा त्यसलाई सांस्कृतिक पर्यटन भनिन्छ । यसमा पर्यटकले कुनै ठाउँको रहनसहन, भाषा, चाडपर्व वा लोक सांस्कृतिक महत्व बुझ्न सक्छन् ।

### ३. प्रकृति पर्यटन

वन्यजन्तु हेर्ने वा प्रकृतिको आनन्द लिने पर्यटनलाई प्रकृति पर्यटन भनिन्छ । इकोटुरिज्म र प्रकृति पदयात्रा यसप्रकारका पर्यटनअन्तर्गत पर्छन् ।  यसले वातावरणलाई स्वच्छ राख्न समेत सहयोग पुऱ्याउँछ । घ्याम्पेडाँडा पदयात्रा यसअन्तर्गत पर्छ ।

### ४. धार्मिक पर्यटन

धार्मिक पर्यटन  धार्मिक स्थानसँग सम्बन्धित हुन्छ । विभिन्न मेला, चाडपर्व तथा जात्राको अवसर पारेर हुने यसप्रकारको पर्यटनले स्थानीय धार्मिक स्थलको संरक्षण र प्रचार प्रसारमा सहयोग पुऱ्याउँछ ।

सूर्यविनायक नगरपालिकाभित्र रहेको यो यो जिपलाइनले साहसिक पर्यटनको सम्भावना बढाएको छ । चरा हेर्नेदेखि लिएर धार्मिक एवम् सांस्कृतिक पर्यटनका अनेकौं सम्भावना यस नगरपालिकाभित्र रहेका छन् । यस्ता सम्भावनाको खोजी गरी प्रचारप्रसार गर्न सके आर्थिक विकास गर्न समेत सजिलो हुने देखिन्छ ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) पर्यटक भनेका को हुन् ?

(ख) पर्यटक कति खालका हुन्छन् ?

(ग) साहसिक पर्यटन अन्तर्गत कस्ता कस्ता गतिविधि पर्छन् ?

(घ) सूर्यविनायकमा के कस्ता साहसिक पर्यटनको सम्भावना छ ?

**२. तलका गलत वाक्यलाई सुधारेर सही वाक्य बनाउनुहोस् :**

(क) सूर्यविनायक नगरपालिकामा एउटै पनि पर्यटकीय स्थल छैन ।

(ख) सिरुटारमा पर्यटकले जिप लाइनको मजा लिन सक्छन् ।

(ग) मठ मन्दिर घुम्न मन पराउने पर्यटकलाई साहसिक पर्यटक भनिन्छ ।

(घ) आशापुरीदेखि पलाँसेसम्म पदयात्राको मज्जा लिन सकिन्न ।

**३. तपाईं पर्यटक बनेर घुम्न गएको ठाउँको बारेमा कक्षामा आफ्ना साथीलाई सुनाउनुहोस् ।**

**४. कुनै पनि ठाउँमा पर्यटक घुम्न आउँदा स्थानीय मानिसलाई के फाइदा हुन्छ ? समूहमा छलफल गर्नुहोस् ।**

**घुम्ने थलो २**

## एक दिने भ्रमण

ज्वरो बल्ल बल्ल तीन दिनपछि निको भयो । आज विश्व वातावरण दिवस हो । विद्यालय जानेबित्तिकै आज पैदल यात्रा हुने कुरा थाहा पाएर असाध्यै खुसी भएँ । हतार हतार कक्षाकोठातिर आउँदै गरेकी निशा मिसलाई देख्नेबित्तिकै मैले सोधिहालेँ :

“आज कुन कुन ठाउँ जाने हो मिस ?”

मलाई बस्ने इसारा गर्दै मिसले दिनभरिको कार्यक्रम र यात्रा विवरण बताउनुभयो, “सबैभन्दा पहिला हामी सूर्यविनायक मन्दिर पुग्छौँ । गाडीबाट ओर्लिसकेपछि समूहमा बाँडिएर पैदल यात्रा गर्छौं । फर्कँदा समय रहे भक्तपुर दरबार हेर्छौं ।”

हामी बिहान ११ बजे भक्तपुरमा रहेको प्रसिद्ध मन्दिर सूर्यविनायक पुग्यौँ । यहाँ मानिसहरूको बाक्लो भिड थियो । देखेर अलमल्ल परेकी मलाई सम्झाउँदै मिसले भन्नुभयो, “ आज मङ्गलबार हो । हरेक मङ्गलबार यहाँ दर्शन गर्ने मानिसको भिड लाग्छ ।” मैले कुरा बुझेको इसारा गर्दै टाउको हल्लाएँ ।

यत्तिकैमा मिसले सबैलाई एक ठाउँमा जम्मा हुन भन्नुभयो । पाँच पाँच जनाको समूहमा बाँडेर यहाँदेखि पैदल यात्रा गर्ने र यात्रा गर्दा ध्यान दिनुपर्ने कुरा विस्तारमा बताउनुभयो । अब सुरु भयो पैदल यात्रा अर्थात हाइकिङ ।



चारैतिर हरियाली घना जङ्गलको बिचमा घुमाउरो सफा पिच बाटो थियो । बातावरण शान्त थियो । चारैतिरबाट चराचुरुङ्गीको मिठो आवाज आइरहेको थियो । शीतल मौसमको आनन्द लिँदै हामी पाइलटबाबाको आश्रमतिर उक्लियौँ ।

साथीहरूसँग गफ गर्दै घाम र छायासँग लुकामारी खेल्दा खेल्दै एक घण्टा बितेको पत्तै भएन । राती पानी परेर आकाश खुलेकाले पाइलट बाबाआश्रमबाट काठमाडौँ उपत्यका देखियो । काठमाडौँ उपत्यकाको वरिपरि त जङ्गलै जङ्गल रहेछ । आहा ! कति सफा सधैँ यस्तै भए पो हुने, हामीले सोमनाथ मन्दिरमा पूजा गऱ्यौँ । प्रसाद ग्रहण गऱ्यौँ र मन्दिर वरिपरि परिक्रमा पनि गऱ्यौँ । वरिपरि घना जङ्गल र बिचमा रहेको आश्रम तथा यहाँबाट देखिने सुन्दर दृश्यले यो ठाउँ छोडेर जाने मन कसैको हुँदो रहेनछ । सफा र स्वच्छ वातावरणको महत्व र यसले दिने खुसीको अनुभव बल्ल गर्न पाइयो ।

मङ्गलबार भए पनि यहाँ नेपाली र नेपाल बाहिरका पर्यटक प्रशस्तै देखिन्थे। यहाँ कोही फोटो खिच्दै थिए। कोही टिकटकमा व्यस्त थिए। कोही परिसरमा रहेको ध्यानकेन्द्रमा ध्यान गर्दै थिए ।



सबै जना बसेर सामूहिक फोटो खिचेपछि निशा मिसले "केही प्रश्न छ" भनेर सोध्नुभयो

मिसको कुरा सकिन नपाउँदै सोधिहालें, "कसरी पाइलट बाबा नाम रह्यो नि मिस ?"

"पाइलट बाबा भनेका एक जना भारतीय फाइटर विमान चालक कपिल सिंह भन्ने व्यक्ति हुन् । उनलाई पछि सोमनाथ गिरी नामले चिनियो । उनको नामबाट यस ठाउँको नाम पाइलट बाबा आश्रम रहन गएको हो। बेला बेलामा पाइलट बाबा यसै स्थानमा आएर बस्ने पनि गर्छन्। पाइलट बाबा नेपालका विभिन्न ठाउँ भ्रमण गर्दै हिँडेका थिए। नेपालमा उनका शिष्य थुप्रै थिए । तिनै चेला चेली मिलेर यो आश्रममा सोमनाथ मन्दिरको निर्माण पनि गरेका थिए।" मिसको जवाफले थप जानकारी मिल्यो।

आश्रमको छेउछाउ बनाइएको बगैंचाले अझै सुन्दरता थपेको छ । "यहाँ नेपाली फिल्म र म्युजिक भिडियोको पनि छायाङ्कन हुन्छ। मैले कतिपय नेपाली फिल्ममा यही दृश्य देखेको छु।" साथी रमेशले पनि कुरा थपिहाल्यो । यसरी करिब डेढ घण्टा घुमिसकेपछि हामी बस चढेर भक्तपुर दरबार घुम्न हिँड्यौं।

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) पाइलट बाबाको आश्रम कति नं वडामा पर्छ ?

(ख) पाइलट बाबा आश्रामको छेउमै रहेको मन्दिरको नाम के हो ?

(ग) कुन दिन सूर्यविनायक मन्दिरमा भिड लाग्छ ?

(घ) पाइलट बाबा कुन देशका नागरिक रहेछन् ?

**२. पाइलट बाबा आश्रमको नाम कसरी पाइलट बाबा रहन गयो ? छोटकरीमा लेख्नुहोस् ।**

**३. तपाईं आफू घुमेको मन्दिर, गुम्बा या आश्रमको सामान्य चित्र कोर्नुहोस् ।**

**४. समूहमा मिलेर सूर्यविनायक चोकबाट पाइलट बाबाको आश्रमसम्म जाने बाटाको नक्सा बनाउनुहोस् । सबैभन्दा राम्रो नक्सालाई कक्षाको भित्तामा टाँस्नुहोस् ।**

**निस्कने ढोका**

एकदिन विद्यालयबाट नजिकैको पर्यटकीय स्थानमा जानुहोस् । त्यहाँका केही पर्यटकलाई तलका प्रश्न गर्नुहोस् र कक्षामा आएर सुनाउनुहोस् :

(क) मानिसलाई किन घुम्न मन लाग्छ ?

(ख) को कोसँग घुम्न आउनुभयो ?

(ग) यहाँ घुम्न आउनुको मुख्य कारण के के हुन् ?

(घ) घुम्दा मानिसलाई हुने फाइदा के के हुन् ?

# एकाइ पाँच : सामाजिक सङ्घसंस्था र घरेलु तथा साना उद्योग

**छिर्ने ढोका**

**तलको सहकारी संस्थाको चित्र हेर्नुहोस् :**




**पूर्वज्ञान**

(क) सहकारी संस्थाले के गर्छ होला ?

(ख) मानिसहरू किन सहकारी चलाउँछन् होला ?


घुम्ने थलो १

## हाम्रा सङ्घसंस्था

समाज विकासका लागि सामाजिक सङ्घसंस्थाको भूमिका पनि महत्वपूर्ण रहन्छ । समाजका लागि केही गरौँ भन्ने  सोच, जोस र ऊर्जाका साथ सामाजिक सङ्घ संस्थाको स्थापना हुन्छ । सूर्यविनायक नगरपालिकाभित्र पनि उल्लेख्य सामाजिक संस्था स्थापना भएका छन् । यी संस्थाका मुख्य उद्देश्य जनताका जीवनमा सकारात्मक परिवर्तन ल्याउनु रहेको छ । सूर्यविनायक नगरपालिकाभित्र सञ्चालित केही संस्था यसप्रकार  छन्  :

### १. नेपाल रेडक्रस सोसाइटी

रेडक्रसको नाम हामीमध्ये धेरैले सुनेका हौँला । कतिले त उक्त संस्थासँग मिलेर काम पनि गरेका हौँला । यस संस्थाको स्थापना सन् १८६३ मा स्विजरल्यान्डमा भएको हो । यस संस्थाका संस्थापक जाँ हेनरी ड्युना हुन् । उनले स्थापना गरेको यो संस्था आज विश्वका हरेक स्थानमा पुगेको छ । नेपालका धेरै स्थानमा रेडक्रसको स्थापना भएको छ । विद्यालयीय तहमा जुनियर रेडक्रस स्थापना भएको हुन्छ । यस संस्थाले प्राथमिक उपचार र स्वास्थ्यसम्बन्धी जनचेतना फैलाउने काम गर्छ । यसले  समुदाय र त्यस वरपरको वातावरणको सरसफाइ गर्ने र सामाजिक कार्यमा स्वयम्सेवकको भूमिका निर्वाह गर्ने  गर्छ ।  यसको कार्यालय सूर्यविनायक नगरपालिकाको वडा नं  ४ मा छ ।



### २. मानव अधिकार तथा विकास मञ्च

यस संस्थाले जातीय भेदभाव तथा महिला हिंसाविरुद्ध आवाज उठाउने उद्देश्य राखेको छ । महिला अधिकार, बालअधिकार, मानवअधिकारका क्षेत्रमा यस संस्थाले सहयोग समेत गर्दै आएको छ ।

### ३. सामाजिक सहयोग मञ्च

समाजका हरेक तहमा विकास र चेतनाका लागि असल समाज निर्माण गर्ने यो संस्थाको मुख्य उद्देश्य रहेको छ । यसले प्राकृतिक प्रकोप न्यूनीकरण, शिक्षा, स्वास्थ्य, सूचना सञ्चार, पर्यटन, कृषि आदि क्षेत्रमा समेत काम गर्दै आएको छ ।

### ४. युवा क्रियाकलाप समाज

यस संस्थाको उद्देश्य असल नागरिक तयार गरी व्यवस्थित समाज निर्माण गर्नु रहेको छ । यसले समुदायमा छरिएर रहेका युवालाई एकत्रित गरी सेवामूलक कार्यक्रम गर्दै आएको छ । यसै गरी सूर्यविनायक नगरपालिकाभित्र सञ्चालित अन्य केही संस्था निम्नअनुसार रहेका छन् :

| संस्थाको नाम र ठेगाना | |
|---|---|
| १.भविष्य नेपाल, सू.न.पा.८ | ५.सक्षम दृष्टिविहीन, सू.न.पा. १ |
| २.आशा, सू.न.पा. १० | ७.सुनौलो बिहानी बाल क्लब, सू.न.पा. ८ |
| ३.भिजन फर चेन्ज सू.न.पा. ६ | ८.अनन्त बालक्लब,सू.न.पा. ४ |
| ४.सत्प्रयास नेपाल, सू.न.पा. ८ | ९.युनिटी बालक्लब, सू.न.पा. १ |
| ६.रानीकोट गुठी पर्यटन उपभोक्ता विकास संस्था सू.न.पा. ७ | |

यसै गरी महिला समूह, युवा क्लब, बहुउद्देशीय संस्थालगायत विभिन्न सङ्घसंस्थाले विभिन्न क्षेत्रमा कार्य गर्दै आएका छन् ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) रेडक्रस सोसाइटीको स्थापना कसले र कहिले गरेका हुन् ?

(ख) बाल रेडक्रसले के के कार्य गर्छ ?

(ग) मानव अधिकार सँग सम्बन्धित सङ्घ सस्थाले के काम गर्छन् ?

(घ) सामाजिक सहयोग मञ्चले के काम गर्छ ?

(ङ) युवा क्रियाकलाप समाजले के कस्ता काम गरिरहेको छ ।

**२. तल दिइएका खाली ठाउँमा ठिक शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) नेपालमा रेडक्रसले ......काम गर्छ ?

(ख) जातीय भेदभाव सम्बन्धी मुद्दा उठाउने संस्था .........हो ।

(ग) बालबालिकाको हकमा आवाज उठाउने काम .... को हो ।

(घ) भविष्य नेपाल सूर्यविनायक नगरपालिकाको वडा नं ... मा पर्छ ।

(ङ) अनन्त बालक्लबले ....काम गर्छ ।

३. चित्र हेरेर तलको तालिका भर्नुहोस् :



| हेराइ | बुझाइ |
| --- | --- |
| | |

४. तपाईंहरू पनि एउटा बालक्लब गठन गर्नुहोस् र विभिन्न सामाजिक कार्यमा सहभागी हुनुहोस् ।

घुम्ने थलो २

# स्थानीय मौलिक प्रविधि

## १.सुकुल

सुकुल पराल तथा मकैको खोस्टा आदिबाट बस्नका लागि प्रयोग हुने घरेलु सामग्री हो । नेपाल भाषामा सु भनेको पराल हो र कुल भनेको खलक या कुटुम्ब हो । हरेक चाडबाड, जात्रा अनि भोज भतेरमा कुल (कुटुम्ब) का सदस्यलाई बसाउनका निम्ति परालबाट बनेको सुकुलको प्रयोग गरको देखिन्छ । सुकुलको सुरुवात कान्तिपुर र पाटनबाट भएको मान्न सकिन्छ । कान्तिपुर र पाटन पहिलादेखि नै धेरै धान फाल्ने ठाउँ हो । यहाँ ( सु) पराल सजिलैसँगै पाइने भएकाले त्यही (सु) परालिलाई प्रयोग गरी सुकुल बनाइन्छ । पहिला पहिला दैनिक उपभोग्य वस्तु किनबेच गर्नका लागि सुकुलसँग सामान साटासाट गर्ने गरिन्थ्यो । समयको क्रमसँगै बिस्तारै सुकुलको व्यापारीकरण भएको देखिन्छ । वरपरका गाउँमा बेचबिखन गर्न लाने र त्यही पैसाबाट उपभोग्य वस्तु किनी जीवनयापन गरेको पनि देखिन्छ ।



## २.नाङ्लो

नाङ्लो वा सुपो बाँसका चोयाबाट बुनेको अनाज निफन्ने साधन हो । यो गोलाकार रूपमा बिट राखी बनाइएको ठुलो थाल जस्तो हुन्छ । हाम्रा पुर्खाले दिनभरको मेलापातपछि थकाइ मेट्न घरमै बसेर नाङ्लो, डालो बुन्थे । यो चलन पछिल्लो पुस्तासम्म आइपुग्दा व्यावसायिक बन्दै गएको छ । घाम, पानी र झरी परेको समयमा पनि घरभित्रै बसेर काम गर्न सकिने भएकाले यो अन्य व्यवसायको तुलनामा सजिलो मानिन्छ ।



## ३.जाँतो

जाँतो दाल, गहुँ, मकै, कोदो आदि पिस्न प्रयोग गरिने दुई चेप्टा ढुङ्गाद्वारा बनेको प्राचीन साधन हो । यो हातले चलाइन्छ । कुटानी पिसानीका लागि मिल उपयुक्त मानिए पनि धार्मिक शुभकार्यमा ढिकी, जाँतो र ओखलमा तयार पारिएको चामल शुद्ध मानिन्छ । जाँतो चलाउन डिजेल, पेट्रोल र मट्टीतेल नचाहिने भएकाले वातावरणीय दृष्टिले समेत यसलाई उपयुक्त मानिन्छ ।



## ४. डोको

डोको बाँस अथवा निगालाको कप्टेरा र चोयाबाट बनाइने र भारी बोक्न प्रयोग हुने एक प्रकारको साधन हो । योससाना पशुपन्छी छोप्न पनि प्रयोग गरिन्छ । यो हेर्दा सोली आकारको हुन्छ । यसको फेदको चौथाइ भागबाट माथि चोया बुन्दा प्वाल रहने गरी बुनिन्छ । यसको फेद साधारणतया आयताकार हुन्छ ।



**घुमेपछिको काम**

**१. तलका प्रश्नका छोटो उत्तर लेख्नुहोस् :**

(क) गुन्द्री वा सुकुल केबाट बन्छ ?

(ख) नाङ्लो केबाट बन्छ ?

(ग) नाङ्लो के के कामका लागि प्रयोग गरिन्छ ?

(घ) जाँतो के के पिस्नका लागि प्रयोग गरिन्छ ?

(ङ) थुन्से र डोकामा के फरक छ ?

**२. तलका वाक्य  पढी ठिकलाई ठिक र बेठिकलाई बेठिक लेख्नुहोस् :**

(क) जाँतो काठबाट बनेको साधन हो ।

(ख) ढिकीमा हामी तोरी पिसेर तेल निकाल्छौँ ।

(ग) नाङ्लो चामल केलाउन काम लाग्छ ।

(घ) टपरी र दुना पातबाट बन्छन् ।

**३. आजभोलि प्रविधिको विकाससँगै मौलिक प्रविधिको चलन हराउँदै गइरहेको छ । मौलिक प्रविधिलाई बचाइराख्न विद्यार्थीको भूमिका के हुन सक्छ ? समूहमा छलफल गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**४. सूर्यविनायक नगरपालिका वडा नं १, सिरुटारमा रहेको टाइगर लिली पेटिङ फार्म घुम्नुहोस् र त्यहाँ भएका मौलिक पक्ष टिपोट गर्नुहोस् ।**

घुम्ने थलो ३

# घरेलु तथा परम्पागत उद्योग

घरेलु उद्योग भनेको घरघरमा सञ्चालन गर्ने उद्योग हो । यसमा स्थानीय कच्चा सामानलाई परम्परागत रूपमा प्रयोग गरिन्छ । पारिवारिक आवश्यकता पूर्तिका लागि गर्नि यस्तो व्यवसायलाई घरेलु उद्योग भनिन्छ । घरेलु तथा साना उद्योगअन्तर्गत उनी तथा सुती कपडा, घरेलु कागज, घरेलु धातु, काष्ठ उद्योग आदि पर्छन् । दुग्ध उद्योग, बाँस वेतसम्बन्धी उद्योग, धान कुट्ने, तेल पेल्ने उद्योग र घरेलु छाला उद्योगसमेत यसैमा पर्छन् । गाउँमा पशुपालन, कुखुरापालन, मत्स्यपालन, मौरीपालन, दुध सङ्कलन केन्द्र हुन्छन् । प्रायः ग्रामीण क्षेत्रका उद्योग कृषिसँग सम्बन्धित हुन्छन् ।

कार्पेट, गलैँचा, सुकुल, चट्टाई, मुढा बनाउने उद्योग पनि घरेलु उद्योग हुन् । तोरी पेल्नु, काठमा बुट्टा कोर्नु, धातु र माटाका भाँडा बनाउनु, गहना बनाउनु, क्युरियोका सामान बनाउनु नेपालका घरेलु उद्योग हुन् । स्थानीय श्रम, सिप र कच्चा पदार्थमा आधारित व्यवसाय टिकाउ हुन सक्छन् । परम्परागत कला, संस्कृति र सिपअनुरूपका व्यवसायमा आय तथा रोजगारीका सम्भावना बढी रहन्छन् ।



स्थानीय स्तरमा आयमूलक रोजगारीका अवसर सिर्जना गर्न नगरपालिकाले घरेलु तथा साना उद्योग विभागसँग सहकार्य गरेको छ यसबाट विभिन्न किसिमका सिप तथा व्यवसायमूलक तालिम सञ्चालन हुँदै आएका छन् ।






परम्परागत सिप र प्रविधि तथा स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने उद्योगलाई परम्परागत तथा अन्य घरेलु उद्योग भनिन्छ । यसमा स्थानीय प्रविधिमा आधारित औजार उपकरण प्रयोग गरिन्छ । ह्यान्ड लुम, परम्परागत प्रविधिबाट गरिने रङ्गाइ, छपाइ, सिलाइ र बुनाइ यस्ता व्यवसाय हुन् । ऊन र रेशममा आधारित हाते बुनाइका राडी पाखी, गलैँचा, पस्मिना, पोसाक पनि यस्ता उद्योग हुन् । हाते कागज र त्यसमा आधारित वस्तु पनि यसैमा पर्छन् । परम्परागत मूर्तिकला, तामा, पित्तल, ढलौट, काँस र जर्मन सिल्भरबाट बन्ने भाँडावर्तन तथा हस्तकलाका सामान पनि यसका उदाहरण हुन् । फलामबाट

बनेका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालोजस्ता परम्परागत औजार यसैमा पर्छन् । । सुन, चाँदीबाट बन्ने गरगहना, भाँडावर्तन र चोया, ढुङ्गा कुँदी बनाइएका सामान घरेलु सामान हुन् । थाङ्का चित्र र अन्य परम्परागत चित्रकला परम्परागत सिप र प्रविधिमा आधारित हुन्छन् । मुकुन्डो तथा परम्परागत संस्कृति दर्साउने पुतली र खेलौना पनि घरेलु प्रविधि हुन् । परम्परागत संस्कृति, बाजागाजा र कला दर्साउने विभिन्न प्रकारका हस्तकलाका वस्तु यसै वर्गमा पर्छन् ।यस्ता सामग्री स्थानीय प्रविधि प्रयोग गर्दै हातैले बनाइन्छ ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) घरेलु उद्योग भन्नाले के बुझिन्छ ?
(ख) घरेलु तथा साना उद्योगबाट उत्पादन हुने कुनै पाँच सामग्रीका नाम लेख्नुहोस् ।
(ग) हामीले घरेलु उद्योगलाई किन बढावा दिनुपर्छ ?
(घ) घरेलु उद्योगले कसरी रोजगारीको सिर्जना गर्छ ?

**२. तलका खाली ठाउँमा मिल्ने शब्द राखेर खाली ठाउँ भर्नुहोस् :**

(क) ग्रामीण बस्तीमा ...मा आधारित उद्योग सञ्चालन गर्न सकिन्छ ।
(ख) हामीले हाम्रो देशका ...उद्योगलाई बढावा दिनुपर्छ ।
(ग) घरेलु उद्योगले रोजगारीको पनि ....सिर्जना गर्छन् ।
(घ) घरेलु उद्योगले देशको कला र ....को संरक्षण पनि गर्छ ।

**३. तपाईंले तपाईंको वडामा कुन कुन ठाउँमा घरेलु उद्योग देख्नुभएको छ ? ती उद्योगका नाम लेख्नुहोस् । यदि छैन भने नगरपालिका भित्रका कुनै चार घरेलु उद्योगको नाम लेख्नुहोस् ।**

**निस्कने ढोका**

**तपाईंको घर नजिकैको तेल मिल भ्रमण गर्नुहोस् । तोरी पेलेर कसरी तेल निस्कन्छ, अवलोकन गर्नुहोस् र कक्षामा आएर साथीलाई सुनाउनुहोस् ।**

# एकाइ छ : स्थानीय कृषि र पशुपालन

**छिर्ने ढोका**

**विद्यालयनजिकै रहेको गाई फार्म वा कुनै पशुपालन गरिएको स्थानमा जानुहोस् :**



**पूर्वज्ञान**

(क) फार्ममा कति पशु रहेछन् ?

(ख) तिनीहरूलाई के के खुवाउनुपर्ने रहेछ ?

**घुम्ने थलो १**

## पुष्प व्यवसाय र यसका फाइदा

घरवरिपरि बगैँचा बनाउने र फूल रोप्ने सबैको चाहना हुन्छ । गाउँघरतिर खेतबारीमा पनि प्रशस्त मात्रामा फूल रोपिन्छ । गाउँमा भन्दा सहरी क्षेत्रमा फूलको खेती कम गर्ने गरिन्छ । सहरी क्षेत्रमा पनि घरका कौसीमा र जग्गा भाडामा लिएर नर्सरी सञ्चालन गर्नेको सङ्ख्या बढ्दै गएको छ । यसरी गरिने व्यवसायलाई पुष्प व्यवसाय भनिन्छ ।

पुष्प व्यवसाय नेपालमा बिस्तारै फस्टाउँदै छ । नेपालमा धेरै जसो कार्यक्रममा फूल नभई हुँदैन । चाहे सुख, दुःख हरेक कार्यका लागि फूल चाहिन्छ । उद्घाटन, खुसीको अभिव्यक्ति वा नयाँ जीवनको सुरुवात फूलको प्रयोगबाटै हुन्छ । अहिले प्रशस्त नर्सरी खुलेका छन् । पुष्प व्यवसायले नर्सरी तथा बुके तयार गर्ने दुईओटा व्यवसायलाई सम्बोधन गर्छ । नयाँ फूल उमार्ने तथा ती फूलबाट सुन्दर बुके तयार गर्ने कार्यलाई पुष्प व्यवसायअन्तर्गत राख्न सकिन्छ । नर्सरीका लागि बढी लगानी चाहिए पनि यस व्यवसायले राम्रो फाइदा दिन्छ । यो सजिलो जस्तो लागे पनि जोखिमपूर्ण छ । नर्सरीका लागि राम्रो तथा मलिलो जग्गा आवश्यक हुन्छ । जग्गा मात्र भएर हुँदैन, फूल उत्पादनका लागि प्राथमिक खर्च पनि जोहो गर्नुपर्छ । बाँझो रहेको आफ्नै जग्गामा पनि नर्सरी सञ्चालन गर्न सकिन्छ । नर्सरीका लागि फराकिलो तथा मलिलो भूभाग चाहिन्छ ।



अहिले विभिन्न संस्थाले फूलसम्बन्धी तालिम दिने गरेका छन् । यो तालिम लिएपछि नर्सरी सञ्चालनमा सहयोग पुग्छ । नर्सरी सञ्चालन गर्दा नयाँ बेर्ना तयार गर्ने, मल भण्डारण गर्ने तथा पसलका लागि उचित ठाउँको व्यवस्थापन गर्ने गर्नुपर्छ । पानीको राम्रो व्यवस्था हुनुपर्छ । प्रकाश तथा हावा लाग्ने ठाउँ भए बिरुवा राम्रोसँग हुर्कन्छ । बिरुवा ढुवानीका लागि आफ्नै यातायातको साधन प्रयोग गर्नुपर्छ । वर्षा तथा जाडो मौसममा बिरुवालाई जोगाउने संयन्त्र तयार गर्नुपर्छ । घरमै बसी बसी गर्न सक्ने यो व्यवसायका लागि आफ्नो रुचि हुनु पनि उत्तिकै महत्वपूर्ण हुन्छ । फूल उत्पादन गर्ने क्रममा कर्मचारीको पनि आवश्यकता पर्न सक्छ । यो राम्रो परिणाम प्राप्त गर्न सकिने उत्कृष्ट व्यवसाय हो । अहिले माला, बुके सजावटमा पनि फूलको प्रयोग हुन थालेको छ । यस व्यवसायका निम्नलिखित फाइदा छन् :



१. यसले स्थानीय रोजगारी बढाउँछ ।

२. रोगकिराको नियन्त्रणमा सहयोग पुऱ्याउँछ ।

३. वातावरण सफा स्वच्छ सुन्दर एवम् हराभरा राख्छ ।

४. आत्मनिर्भर बनाउँछ ।

५. आर्थिक आम्दानी बढाउँछ ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) पुष्प खेती भनेको के हो ?

(ख) मानिसलाई फूल किन चाहिन्छ ?

(ग) के पुष्प खेतीले मानिसलाई रोजगारी दिन सक्छ ?

(घ) पुष्पखेती गर्नका लागि कस्तो ठाउँ राम्रो हुन्छ ?

**२. तलका खाली ठाउँमा उपयुक्त शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) जग्गा नहुनेले सहरमा .....मा पुष्पखेती गरेको पाइन्छ ।

(ख) पुष्पखेतीका लागि फराकिलो तथा ....जग्गा चाहिन्छ ।

(ग) मानिसका सुख तथा ....को क्षणमा पनि फूल नभई नहुने करा हो ।

(घ) पुष्प व्यवसाय गर्न पैसा मात्र भएर हुँदैन ....शक्ति पनि चाहिन्छ ।

**३. तलका फूल कक्षामा ल्याएर देखाउनुहोस् । फूल ल्याउन सम्म्भव नभए फूलको चित्र कोर्नुहोस् :**

सयपत्री, मखमली, गुलाब, लालीगुराँस

**४. तपाईंको विद्यालय वा घरको छेउमा भएको पुष्प खेतीको भ्रमण गर्नुहोस् र तलका प्रश्न सोधी उत्तर टिपोट गर्नुहोस् :**

(क) हजुरको नाम के हो र यो व्यवसाय कहिले सुरु गर्नुभयो ?

(ख) पुष्प व्यवसाय सञ्चालन गर्न कति पैसा चहिन्छ ?

(ग) पुष्प व्यवसायबाट के  कस्तो फाइदा हुन्छ ?

**घुम्ने थलो २**

# सफल कृषक नवीन

म नवीन श्रेष्ठ । हाल म ४५ वर्षको भएँ । मेरो घर सूर्यविनायक नगरपालिका वडा नं. १ सिरुटारमा पर्छ । मेरो परिवारमा म, श्रीमती र दुई जना छोरी छौँ । मैले एसएलसी पास गरेपछि सामान्य जागिर खादै आइ.ए अध्ययन सुरु गरेँ ।  घरायसी आर्थिक अवस्था कमजोर भएकाले मैले पढाइलाई भन्दा जागिरलाई बढी महत्व दिनुपर्ने भयो । यसले गर्दा पढाइलाई बिचैमा छोडी म जागिरतिर लागेँ । जागिरबाट पनि खासै आम्दानी भएन । घरखर्च मात्र चलाउन पुग्यो । मैले विकल्पको रूपमा पशुपालन रोजेँ ।  पशुपालन हाम्रो घरमा पुस्तौँदेखि चल्दै आएको व्यवसाय थियो ।



मैले यसमा सुधार गरी आधुनिक तरिकाले पशुपालन गरी व्यवसायीकरण गर्ने निर्णय गरेँ ।  । सुरु सुरुमा यो पेसा गर्दा घाँसको दुःख हुन्थ्यो । अहिले बारीमा प्रशस्त उन्नत जातको घाँस लगाएको छु । डाले घाँस पनि प्रशस्त छ । चोक्कर दानाको व्यवस्था भएकाले यो पेसा  मलाई सजिलो लागेको छ । म यस पेसामा लागेपछि मैले पशुसम्बन्धी तालिम पनि लिएँ । अहिले पशुलाई लगाउने सामान्य रोगको उपचार गर्ने इन्जेक्सन लगाउन पशुचिकित्सिकलाई डाक्नुपर्दैन ।

यस क्षेत्रमा पशुपालक कृषक बढ्दै गएका छन् । हामीले दुध सङ्कलन केन्द्र यस क्षेत्रमा नै खोलेका छौँ । मासुका लागि पालिएका खसीबोका  किन्न घरमा नै मानिस आउँछन् ।  हमीलाई बजारको समस्या छैन । केही कृषकले भने दुध सोझै घर घरमा पुऱ्याउने गर्छन् । पशुपालनाट हामीलाई प्रशस्त मात्रामा मल प्राप्त हुन्छ । मैले  मललाई उपयोग गर्नका लागि गोलभेडाको दुईओटा टनेल पनि बनाएको छु । यसबाट पनि राम्रो आम्दानी हुन्छ । बाँकी रहेको मल आफ्नो खेतबारीमा हाल्छु  । यसले मेरो बालीनाली पनि राम्रो हुन्छ र उत्पादन राम्रो दिन्छ ।

मेरो परिवारका सबै सदस्यले यस पेसामा मलाई सहयोग गर्छन् । मेरी श्रीमतीको यसमा पूर्ण सहयोग छ । छोरीहरू फुर्सदको समयमा हामीलाई सहयोग गर्छन् । म सामाजिक क्षेत्रमा पनि सक्रिय छु । म गाउँको बचत समूहमा आबद्ध छु । गाउँका अन्य विकास निर्माणका कार्यमा म अग्रणी भूमिकामा रहेको छु । यस पेसामा लाग्दा कसैले पनि मलाई  नराम्रो दृष्टिले हेरेका छैनन् ।  बरु सामाजिक अगुवाको रूपमा अघि सार्ने गर्छन् । मसँग हाल तीनओटा दुहुना भैँसी र छओटा बाखा छन् । तीनओटा भैँसीको दुध, बाखा तथा गोडभेडाको खेतीबाट वार्षिक लाखौँ आम्दानी हुन्छ । जुन आम्दानीले मैले मेरा छोरीको

पढाइ र घरायसी खर्चमा प्रयोग गरी बाँकी रुपिया बचत गर्ने गरेको छु । केही रकम गाउँको समूहमा छ भने अन्य बैङ्कमा राख्ने गरेको छु । यसले मलाई आर्थिक रूपमा आत्मनिर्भरता बनाएको छ । तालिम लिएर साहस र धैर्यका साथमा परिश्रम गरेपछि हरेक काममा सफल हुन सकिन्छ । मलाई यो प्रेरणा पनि मिलेको छ ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) कसलाई कृषक भनिन्छ ?

(ख) नवीनले किन बिचैमा पढाइ छोड्नुपर्‍यो ?

(ग) नवीनले अहिले के के उत्पादन गर्छन् ?

(घ) नवीनसँग कतिओटा भैँसी र कतिओटा बाख्रा छन् ?

(ङ) अहिले नवीनको आम्दानी कस्तो छ ?

**२. तलका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :**

(क) नवीन कहिल्यै पनि विद्यालय गएनन् ।

(ख) खेतीपाती गर्ने तथा फलफूल उत्पादन गर्ने मानिसलाई किसान भनिन्छ ।

(ग) खेती किसानी गरेर कति पनि पैसा कमाउन सकिन्न ।

(घ) दुहुनु भैँसी भनेको दुध दिइराखेको भैँसी भन्ने हो ।

**३. कक्षामा आफ्ना साथीलाई सोधेर कसकसका बाबाआमा खेती किसानी गर्नुहुन्छ, पत्ता लगाउनुहोस् र उहाँहरू के के उत्पादन गर्नुहुन्छ, कापीमा लेखेर कक्षामा सुनाउनुहोस् ।**

**४. खेती किसानीबाट पनि राम्रो आम्दानी गर्ने सम्भावना हुँदा हुँदै नेपाली युवा युवती किन विदेश गएका होलान् ? समूह छलफल तथा शिक्षकको सहयोगमा यसको उत्तर लेख्नुहोस् ।**


**निस्कने ढोका**

**नेपालमा खेतीपाती गर्ने किसानका के कस्ता दु:ख र समस्या होलान् ? समूहमा छलफल गरेर आएको निष्कर्ष कक्षामा सुनाउनुहोस् ।**

# एकाइ सात : शिक्षा, स्वास्थ्य र खेलकुद

**छिर्ने ढोका**

**तलको चित्र हेर्नुहोस् :**




**पूर्वज्ञान**


(क) यो कुन खेलको चित्र हो ?

(ख) पढाइ सँगसँगै खेलकुद पनि आवश्यक छ किन ?

(ग) तपाईंले खेलेको कुनै खेलबारे भन्नुहोस् ।

**घुम्ने थलो १**

## सामुदायिक पुस्तकालय र आवश्यकता



सामुदायिक पुस्तकालय भनेको मानिसले जीवनभरि सिक्ने वातावरण तयार गरिएको शैक्षिक संस्था हो । यसलाई सामुदायिक विकासको केन्द्रका रूपमा हेरिन्छ । यी पुस्तकालय स्वःनिर्भर शैक्षिक संस्थाका रूपमा रहेका हुन्छन् । यसले आम समुदायका विभिन्न शैक्षिक आवश्यकता सहजै पूरा गरी समुदायलाई शिक्षाको माध्यमबाट सुसज्जित बनाउने गर्छन् । त्यस्ता शैक्षिक संस्थालाई नै सामुदायिक पुस्तकालय भनिन्छ । यसले समुदायका आवश्यकतालाई पूरा गर्छ । पुस्तकालयले समाजको आर्थिक तथा सामाजिक विकास गर्नका लागि समुदायलाई सहज बनाउँछ । फरक फरक खालको ज्ञान, सिप प्रदान गर्दै आधुनिक समाज निर्माण गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।

पुस्तकालयले विभिन्न प्राविधिक ज्ञान प्रदान गर्छ । यसले समुदायमा सचेतना फैलाउने खालको ज्ञान तथा सिप प्रदान गर्छ । यहाँ सचेतनात्मक कार्यक्रम मार्फत सूचना प्रदान गर्न र कृषकका लागि प्राविधिक तालिम गराउन सामग्री पाइन्छन् । पुस्तक पढ्दा प्राविधक ज्ञान र सिपको विकास हुन्छ । यसबाट विपत् व्यवस्थापन गर्न र जलवायु परिवर्तनले पार्ने प्रभावको जानकारी प्रदान गर्न पनि सहज हुन्छ । मानव बेचविखनविरुद्धका कार्यक्रम सञ्चालन गर्न र विभिन्न धर्म संस्कृति, रीतिरिवाज, भाषाभाषी र वेशभूषाको संरक्षण गर्न पनि पुस्तकालयबाट सहयोग मिल्छ । सामुदायिक पुस्तकालयले सांस्कृतिक सङ्ग्रहालयको काम पनि गर्छ । ।

सामुदायिक पुस्तकालयमा जम्मा भएर पत्रपत्रिका पढ्न, भलाकुसारी गर्न र विभिन्न सूचनाको जानकारी लिन सकिन्छ । यसले मानिस मानिसबिचको सम्बन्ध नजिक बनाउँछ । सामुदायिक पुस्तकालयका उद्देश्य स्थानीय आम जनतालाई शिक्षित बनाई योग्य नागरिक बनाउने र देशको विकासमा सहयोग गर्ने रहेका छन् । यहाँ स्थानीय जनताको चाहना तथा मागबमोजिमका ज्ञान सामग्री सङ्कलन गरिन्छ । यसले  स्थानीय नागरिकलाई शिक्षित बनाउनका लागि सामाजिक तथा सांस्कृतिक क्रियाकलाप गर्न सहयोग पुऱ्याउँछ ।

यस नगरपालिकामा देउजागाउँ तथा कटुञ्जे लगायतका ठाउँहरुमा सामुदायिक पुस्तकालयहरू रहेका छन् । यहाँ मानिसहरू आएर पत्रिका पढ्ने, पुस्तकहरू पढ्ने गर्दछन् ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) पुस्तकालय भनेको के हो ?
(ख) सामुदायिक पुस्तकालयको महत्वलाई तीन वाक्यमा लेख्नुहोस् ।
(ग) स्थानीय पुस्तकालय किन आवश्यकता परेको हो ?
(घ) सांस्कृतिक महत्वका सामाग्री संकलन गर्नु पुस्तकालयको काम हो कि होइन ?

**२. तलका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :**

(क) पुस्तकालयमा गएर पढ्नाले ज्ञान बढ्छ ।
(ख) हामी पनि मिलेर सामुदायिक पुस्तकालय खोल्न सक्छौँ ।
(ग) पुस्तकालयले चेतना फैलाउने काम गर्दैन ।
(घ) पुस्तकालयमा पत्रपत्रिका पनि पढ्न पाइन्छ ।

**३. पुस्तकालय शीर्षकमा एउटा छोटो लेख तयार पार्नुहोस् ।**

**४.पुस्तकालय महत्वपूर्ण छ भन्ने जान्दा जान्दै आजभोलि पुस्तकालयमा गएर पढ्ने मानिसको सङ्ख्या घट्दो छ, किन होला ? समूहमा छलफल गर्नुहोस् ।**

**घुम्ने थलो २**

# स्वस्थ जीवन : सुखी जीवन

हरेक मानिस जीवनमा सफलता चाहन्छ । सुखी हुन चाहन्छ । सुखमय अनि आनन्दमय जीवन होस् भन्ने चाहन्छ । मानिस सुख र सफलताको खोज गर्दागर्दै दु:खमा पुग्छ । यसको मूलकारण जीवनको मर्मलाई पूर्णरूपमा जान्न नसक्नु हो । कसैले सुखको आधार धन, परिवार र सम्पत्तिलाई मानेको हुन सक्छ, कसैले स्वस्थ जीवनलाई मानेको हुन सक्छ । कसैले विद्या तथा सम्मान पाउनुलाई सफलता मान्छन् ।




निरोगी शरीर, बुद्धिमान् र आज्ञाकारी सन्तान, व्यवस्थित बसोबास सफलताको आधार बन्छ । सबै कुरा राम्रो भए पनि शरीर रोगी भइदियो भने सफलताको कुनै अर्थ हुँदैन । जीवनमा स्वस्थ चिन्तनको ज्यादै महत्व छ । शरीर रक्षाका लागि योग अभ्यास र औषधी सेवन गर्नुपर्छ । आयुर्वेद अनुसार अनेक काम छोडेर शरीरलाई स्वस्थ राख्ने कार्यमा लाग्नुपर्छ । शरीर ठिक छ भने सबै कुरा हुन्छ । शरीर कमजोर भयो भने सम्पूर्ण वस्तुको कुनै अर्थ रहन्न । शरीरबाट नै जीवनयापनको सुरुवात हुन्छ । शरीरको माध्यमबाट धर्मको साधना गर्न सकिन्छ ।

जीवनमा सफलता र समृद्धि चाहने व्यक्तिले आफ्नो स्वास्थ्यप्रति गम्भीर हुनुपर्छ । सामान्य अर्थमा स्वस्थ हुनु भनेको निरोगी हुनु हो । स्वास्थ्य भनेको शरीर, मन र बुद्धि स्वस्थ हुनु हो । सामाजिक रूपमा सहयोगी हुनुलाई स्वास्थ्यको वास्तविक अर्थ मानिन्छ । रोगी र दुर्बल मानिसले महत्वपूर्ण कार्य गर्न सक्दैन । सफल जीवनका लागि स्वस्थ जीवनको महत्व छ ।

शरीर, मन र आत्मा ठिक छ भने मात्र स्वस्थ जीवनको कल्पना गर्न सकिन्छ । शरीर स्वस्थ छ भने मन पनि ठिक हुन्छ । मन ठिक छैन भने शरीरमा भारीपन आउँछ । मन ठिक छ भने शरीर पनि स्वस्थ हुन्छ । शरीर, मन, बुद्धि र चित्त एकआपसमा सम्बन्धित छन् । एकको अस्वस्थताले अरूलाई पनि असर गर्छ । यी चार चिज स्वस्थ हुन सके मानिसले पूर्णरूपमा स्वस्थता प्राप्त गर्छ ।

स्वास्थ्य जीवनसँग मात्र सीमित छैन । स्वस्थ जीवन भए पनि समाजसँगको व्यवहार र सामाजिक सहभागितामा कमी भयो भने पूर्ण स्वास्थ्यको कल्पना हुन सक्दैन । जीवन भनेको शरीर, मन, बुद्धि, आत्मा, समाज, देश र विश्वसँग गाँसिएको हुन्छ । मानिसले पूर्ण स्वस्थता प्राप्त गर्न नियमित योगाभ्यास, उचित आहारविहार र सत्सङमा ध्यान दिनुपर्छ । सन्तुलित भोजन, घुमफिर निद्रा , विश्राम, प्राकृतिक दृश्यावलोकन, शुभविचार, दान, दया र त्याग स्वास्थ्यका आधार हुन् ।

सन्तुलित भोजनले शरीरलाई तागत प्रदान गर्छ । तागत जीवनको शक्ति हो । यो शुद्ध भोजनबाटै प्राप्त हुन्छ । भोजन अघाउनका लागि मात्र खाने होइन । जुन भोजनले जीवन स्वस्थ, निरोगी बनाउँछ त्यो उचित भोजन हो । अन्न अनुसारको मन, मनअनुसारको बुद्धि र बुद्धिअनुसारको कर्म हुन्छ भनिएको छ । सन्तुलिन भोजनभित्र प्रोटिन, भिटामिन, कार्बोहाइड्रेट, खनिज तथा रसादी पर्छन् ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) स्वस्थ जीवन भनेको के हो ?
(ख) स्वस्थ भएर बाँच्दाका तीन फाइदा लेख्नुहोस् ।
(ग) हाम्रा कस्ता क्रियाकलापले हाम्रो स्वास्थ विग्रन्छ ?
(घ) स्वास्थ रहन कस्ता खानेकुरा खानुपर्छ ?
(ङ) स्वास्थ रहन व्यायाम वा योगको भूमिका कस्तो हुन्छ ?

**२. तलका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :**

(क) शरीरको माध्यमबाट धर्मको साधना गर्न सकिन्छ ।
(ख) मन ठिक छ भने शरीर पनि स्वस्थ भएको अनुभव गर्न सकिन्छ ।
(ग) सन्तुलित वा शुद्ध भोजनले शरीरलाई तागत प्रदान गर्दैन ।
(घ) स्वस्थ जीवनको सबैभन्दा ठुलो धन हो ।
(ङ) सुख भन्ने कुरा मान्छेको आआफ्नो भोगाइ र बुझाइमा भर पर्छ ।

**३. सन्तुलिन भोजनको चित्र बनाएर चार्ट पेपरमा टाँस्नुहोस् र कक्षाको बोर्डमा टाँस्नुहोस् ।**

**४. सुखी र स्वस्थ जीवनको महत्व बताउँदै आफ्ना टाढा बसेको साथीलाई एक चिठी लेख्नुहोस् ।**

**घुम्ने थलो ३**

## बाघचाल



बाघचाल बोर्डमा खेलिने नेपालको पुरानो खेल हो । बाघचालको अर्थ 'चलिरहेको बाघ' भन्ने बुझिन्छ । यो खेल दुई खेलाडीद्वारा खेलिन्छ । यसमा एउटा खेलाडीले बाघ बनेर बाखा खान खोज्छ भने अर्को खेलाडीले बाखाको बचाउ गर्दै बाघलाई घेराउ हाल्छ । खेल जित्नका लागि चार बाघले पाँचओटा बाखा खानुपर्छ । बाखाले बाघलाई पासोमा पार्न सक्नुपर्छ । कसैले बाघ चाललाई नेपालको राष्ट्रिय खेल पनि भन्ने गरेका छन् ।

### १.बाघचालको इतिहास

यो खेल सयौं वर्ष पुरानो मानिन्छ । बच्चादेखि बुढापाकासम्मले यो खेल खेल्छन् । यो खेलको वर्णन कथा र पुराणमा पनि गरिएको छ । यो कालान्तरमा गोठालाका बिचमा मात्र सीमित थियो । गोठालाले वस्तुभाउ बचाउन यो खेल खेल्ने गरेको कथा सुन्न सकिन्छ । खेलसम्बन्धी भएका कुनै अध्ययनले यो खेल हिमालयमा उत्पत्ति भएको भन्छन् । कुनैले भारतको दक्षिणी भेगबाट आएको हो भन्छन् । यो खेललाई मानिसले सयौं वर्षदेखि खेलिरहेका छन् । पुरानो भए पनि आज पनि मानिसमा यो खेल अत्यन्त लोकप्रिय रहेको छ ।

### २. बाघचालका नियम

बाघचाल दुई खेलाडीद्वारा एल्कर्क बोर्डमा खेलिन्छ । यसमा एक साइडमा चार बाघ हुन्छन् भने अर्को साइडमा २० बाखा हुन्छन् । खेलाडीलाई बाघ र बाखा खेलाडी भनिन्छ ।

भाइबहिनीहरू यो खेलका नियम जानौं है त :

(क) यो खेल चार बाघसहित सुरु हुन्छ । बोर्डको प्रत्येक कुनामा एक एक बाघ रहेका हुन्छन् ।
(ख) बाखा खेलाडीको पालो सुरुमा हुन्छ ।
(ग) जसले बाखाको तर्फबाट खेल खेल्छ उसले २० बाखा हातमा राख्छ ।
(घ) बाखा खेलाडीले बोर्डको खाली बिन्दुमा पालैपालो बाखा राख्नुपर्छ ।
(ङ) बाखा खेलाडीले सबै बाखालाई बोर्डमा मिलाएर राखिसकेपछि चिह्न लगाइएको लाइनको कुनै छेउको खाली बिन्दुमा बाखा सार्नुपर्छ ।

(च) बाघले कुनै पनि समयमा बाखालाई पक्रिन सक्छ । बाखा बोर्डमा राखेर नसके पनि बाघले बाखालाई पर्खनु आवश्यक छैन ।
(छ) बाघले एक पटकमा एउटा बाखामात्र पक्रन सक्छ ।
(ज) जबसम्म सबै बाखाहरू बोर्डमा हुँदैनन् तबसम्म बाखा चल्न सक्दैनन् ।
(झ) बाखा बाघ वा अन्य बाखामाथि उफ्रिन सक्दैनन् ।
(ञ) एक बाघ अर्को बाघ माथि उफ्रिन सक्दैन । तर बाखामाथि उफ्रन सक्छ ।
(ट) आफ्नो पालाका बाघ खेलाडीले गोटी आफ्नो ठाउँबाट खाली ठाउँमा सानुपर्छ ।
(ठ) एक समयमा एक गोटी मात्र कब्जा गर्न सकिने छ । गोटीहरू थुपार्न अनुमति छैन ।
(ड) बाघले आफ्नो दिशा परिवर्तन गर्न सक्दैन । एकातर्फ खाली ठाउँ र अर्कातर्फ बाघ छ भने बाघले बाखा खाने खतरा बढी हुन्छ ।
(ढ) बाघ खेलाडीले त्यतिबेला जित्छ जतिबेला पाँचओटा बाखा खान्छ ।
(ण) बाखा खेलाडीले त्यतिबेला जित्छ जतिबेला सबै बाघहरू समातिन्छन् र बाघहरूसँग कुनै चाल बाँकी हुँदैन ।

यो खेल पाँच पाँच बिन्दुको ग्रिडमा खेलिन्छ । गोटीहरू लाइन छुट्टिएको ठाउँमा राखिन्छ । यो खेल दुई चरणमा खेल्न सकिन्छ । पहिलो चरणमा बाखा बोर्डमा हुन्छन् भने बाघलाई सारिन्छ । दोस्रो चरणमा बाखा र बाघ दुवै सारिन्छ ।

यो खेलको स्टेपटाइम एक मिनेट र खेल्ने समय एक घण्टा हुन्छ ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) बाघचाल खेल कति जना बिचमा खेल्न सकिन्छ ?
(ख) कतिओटा बाखा खाएपछि खेल जितेको मानिन्छ ?
(ग) बाघचाल खेल पहिला कसले खेल्ने गर्थे ?
(घ) बाघचाल खेलमा कतिओटा बाघ र कतिओटा बाखा हुन्छन् ?
(ङ) बाघचाल खेलका कुनै दुई रमाइलो पक्ष लेख्नुहोस् ।

**२. तलका वाक्य बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) बाघचाल खेलको इतिहास धेरै छोटो छ ।
(ख) बाघचालमा बाघ, बाखा र एउटा सिंह पनि हुन्छ ।
(ग) एक बाघ अर्कोमाथि उफ्रन सक्छ तर बाखामाथि उफ्रन सक्दैन ।
(घ) बाघले एक पटकमा धेरै बाखा पक्रन सक्छ ।
(ङ) बाघचाल खेल उहिले डाक्टरले खेल्न सुरु गरेका थिए ।

**३. तपाईंहरू पनि माथिको वर्णन पढेर बाघचाल खेल्नुहोस् ।**

**४. तपाईंका हजुरबुबा वा हजुरआमाको पालामा खेलिने खेलका बारेमा सोधेर एउटा छोटो लेख तयार पार्नुहोस् ।**

**निस्कने ढोका**

कक्षामा बाघचाल प्रतियोगिता गर्नुहोस् र विजेता निकाल्नुहोस् ।

# एकाइ आठ : सूचना, सञ्चार तथा यातायात

**छिर्ने ढोका**
**तलका सामग्री राम्रोसँग हेर्नुहोस् :**





**पूर्वज्ञान**

(क) टेलिफोन आउनुअघि समाचार कसरी एकबाट अर्कोसम्म पुग्थ्यो होला ?
(ख) टेलिफोनका फाइदाहरू के के होलान् ?
(ग) इन्टरनेटले कसरी मानिसको जीवनलाई सहज बनाएको छ ?
(घ) समाचारको माध्यम किन फेरियो होला ?

घुम्ने थलो १

## सामाजिक सञ्जाल र उपयोग




मोबाइल वा कम्प्युटरमा इन्टरनेटमार्फत आफूले प्राप्त गरेका वा आफूले सिर्जना गरेका विचार, डिजिटल फोटो वा भिडियो आदानप्रदान गर्न प्रयोग गरिने माध्यमलाई सामाजिक सञ्जाल भनिन्छ । यो वेबसाइट एवम् इन्टरनेटको माध्यमद्वारा प्रत्यक्ष कुराकानी गर्ने र सूचना आदानप्रदान गर्ने साधन हो । यो समुदायमा आधारित सामग्री आदानप्रदान गर्ने सञ्चार माध्यम भएकाले यसलाई सामाजिक सञ्जाल भनिएको हो । यो सूचना आदानप्रदान गर्ने विभिन्न अनलाइन च्यानलको सामूहिक रूप हो । यस्ता च्यानल धेरै जसो निःशुल्क हुन्छन् । फेसबुक, युट्युब, भाइबर, ट्विटर,इन्स्टाग्राम आदि यसका उदाहरण हुन् । कम्प्युटर (ल्यापटप वा डेस्कटप) र मोबाइल वा ट्याब्लेट जस्ता उपकरणमा इन्टरनेट जडान गरी प्रयोग गरिन्छ । यसको प्रयोगको दायरा धेरै फराकिलो छ । हरेक व्यक्तिले हरेक क्षेत्रमा प्रयोग गर्न सकिने सरल प्रविधि भएकाले यो मानिसको जीवनसाथी बनेको छ । सामाजिक सञ्जालका फाइदा र बेफाइदा निम्नलिखित छन् :

### १. सामाजिक सञ्जालका फाइदा

(क) घरमै बसेर स्वदेश तथा विदेशमा प्रत्यक्ष सम्पर्क गर्न सकिने
(ख) सूचना आदान प्रदान छिटाछरितो गर्न सकिने
(ग) आफ्ना विचार भावना राख्न सजिलो हुने
(घ) महत्वपूर्ण कागजात, फोटो एवम् भिडियो तुरुन्तै आदानप्रदान गर्न सकिने
(ङ) कुनै घटना वा खास विषयवस्तुको प्रत्यक्ष प्रसारण गर्न सकिने
(च) घरमै बसेर खरिदबिक्री गर्न सकिने
(छ) सारा विश्वलाई एउटै गाउँमा ल्याउन सहयोग पुग्ने
(ज) व्यक्ति, परिवार, समुदाय, कार्यालय, व्यापार व्यवसाय सबैले हरेक काममा प्रयोग गर्न सकिने
(झ) अध्ययन अनुसन्धान एवम् लेखन कार्यमा सघाउ पुग्ने

### २. समाजिक सञ्जालका बेफाइदा

(क) सामाजिक सञ्जालमा बढी समय खर्च गर्ने
(ख) अरु प्रति नकारात्मक टिकाटिप्पणी सेयर गर्ने
(ग) सामाजलाइ हानिनोक्सानी गर्ने विषयवस्तु बढी सेयर गर्ने

(घ) मानसिक स्वास्थमा असर गर्ने

(ङ) नचिनेको व्यक्तिलाई जिस्क्याउने, अर्काको फोटो तथा भिडियोको दुरुपयोग गर्ने

(च) समाजिक सञ्जाललाई अध्ययन अनुसन्धानको साधन भन्दा मनोरञ्जनको साधनको रूपमा प्रयोग गर्ने

(छ) साइबर अपराध बढने तथा गोप्यता भङ्ग हुने

(ज) गलत समाचार छिटो फैलने

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) सामाजिक सञ्जाल भन्नाले के बुझिन्छ ?

(ख) हामी सामाजिक सञ्जालको प्रयोग गरेर के के गर्न सक्छौँ ?

(ग) सामाजिक सञ्जाल प्रयोग गर्दा किन होसियारी अपनाउनुपर्छ ?

(घ) सामाजिक सञ्जालका उदाहरण दिनुहोस् ।

(ङ) सामाजिक सञ्जालका दुईओटा फाइदा र दुईओटा बेफाइदा लेख्नुहोस् ।

**२. तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) इन्टरनेटको प्रयोग गरेर अरुलाई धाकधम्की दिने, जिस्क्याउने काम राम्रो हो ।

(ख) सामाजिक सञ्जालका फाइदा मात्र छन् ।

(ग) इन्टरनेटको प्रयोग गरेर हामी हाम्रो व्यापार गर्न पनि सक्दैनौँ ।

(घ) सामाजिक सञ्जाललाई अनुसन्धानको माध्यम बनाउनु हुँदैन ।

(ङ) सामाजिक सञ्जालमा धेरै समय बिताउनु राम्रो हो ।

**३.सामाजिक सञ्जालको प्रयोग राम्रो हो भन्ने विषयको पक्ष र विपक्षमा आफ्ना विचार व्यक्त गर्नुहोस् ।**

**४. तपाईंको बुबा, आमा वा हजुरबुबा र हजुरआमासँग कुराकानी गर्नुहोस् र सोध्नुहोस् कि उहाँहरू सामाजिक सञ्जाल नहुँदा के गर्नुहुन्थ्यो ?**

**घुम्ने थलो २**

# यातायातमा सूर्यविनायक

भौगोलिक विविधता रहेको यस सूर्यविनायक नगरपालिकामा यातायातको सुविधामा उल्लेखनीय वृद्धि भएको छ । नगरपालिकाभित्रका प्रत्येक वडामा सडकको उपयुक्त सुविधा छ । यसले यहाँका मानिसको जीवनशैलीमा परिवर्तन ल्याएको छ । यातायातमा आएको विकासका कारणले यस क्षेत्रमा उत्पादन अन्यत्र लगी बिक्रीवितरण गर्न सकिएको छ । नगदेबाली, दुध, कुखुरालगायतका उत्पादनलाई काठमाडौँ र अन्य सहरी क्षेत्रमा पुऱ्याउन सहज भएको छ ।

वि.सं.२०७४ सम्म यस नगरपालिकामा अधिकांश साँघुरा सडक थिए । सूर्यविनायक नगरपालिकाले भवन निर्माण मापदण्ड, २०७४ जारी गरी यस नगरपालिका क्षेत्रका सबै सडक कम्तीमा छ मिटरको हुने व्यवस्था गऱ्यो । यसपछि सडक क्षेत्रको अवस्थामा सुधार भएको पाइन्छ । नगरपालिकाको स्रोत र नगरपालिकाबाट गरिएको सिफारिसको आधारमा अन्य निकायसँग साझेदारी गरी कच्ची सडकलाई कालोपत्रे एवंम् ढलान गरिरहेको छ । यस नगरपालिका क्षेत्रमा सडक आठ मिटरभन्दा बढी चौडा छन् । अधिकांश सडक कालोपत्रे समेत भइसकेका छन् । केही सडक कालोपात्रे हुने क्रममा रहेका छन् । आकस्मिक रूपमा आवश्यक पर्ने एम्बुलेन्स, दमकललगायतका सवारी साधन आवत्जावत् सजिलो भएको छ ।

सडकको निर्माण गर्न जति सजिलो हुन्छ यसको सुरक्षा अझ चुनौतीपूर्ण हुने गर्छ । रात्रीको समयमा सडकमा अन्धकार हुँदा चोरी, लुटपाट र सडक दुर्घटना हुन सक्छ । सहरको रूपरङ पनि नराम्रो देखिन्छ । नगरपालिकाले 'रात्री सौन्दर्यका लागि नगर प्रमुख उज्यालो कार्यक्रम' ल्याई हालसम्म करिब चार हजार स्थानमा सडक बत्ती जडान गरिसकेको छ ।

दिनहुँ बढ्दो सवारी सडक दुर्घटनाले दुःखद घटनाको सामना समाजले गर्नुपर्ने हुन्छ । यसका लागि नगरपालिकाले विद्यालय स्तरीय ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरेको छ । नेपाल प्रहरीसँगको सहकार्यमा मुख्य सडकमा कन्केभ लेन्स तथा सी.सी.क्यामेरा जडान गरिएको छ ।



**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) यातायात भनेको के हो ?

(ख) हामीलाई के के काम गर्न यातायात चाहिन्छ ?

(ग) सूर्यविनायक नगरपालिकामा हाल सडकको अवस्था कस्तो छ ?

(घ) सूर्यविनायक नगरपालिकामा कुन कार्यक्रमअन्तर्गत सडक बत्ती जडान भएका छन् ?

**२. तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) सडक निर्माण मापदण्ड, २०४३ लागु भएपछि सडकको चौडाइ छ फिट कायम गरियो ।

(ख) सडक साँघुरो भयो भने दमकल, एम्बुलेन्स, सजिलैसँग गुड्न पाउँछन् ।

(ग) सडक बत्तीको व्यवस्था गर्दा चोरी, डकैती, लुटपाट झन् बढेर जान्छ ।

(घ) सडक सञ्जाल बढेपछि जनताले केही पनि फाइदा लिएका छैनन् ।

**३. तपाईं बस्ने वडामा सडकको अवस्था कस्तो छ ? एक हरफमा लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**४. कुनै पनि देशको विकास गर्न सडकको विकास सबैभन्दा महत्वपूर्ण हुन्छ । समूहमा छलफल गरेर कारण पत्ता लगाउनुहोस् र कक्षामा सुनाउनुहोस् ।**

**निस्कने ढोका**

**सूर्यविनायक नगरपालिकामा कस्ता कस्ता यातायातका साधन चल्छन् ? तिनीहरूका सूची बनाउनुहोस् ।**

# एकाइ नौ : विपत् र विपत् व्यवस्थापन

**छिर्ने ढोका**

**विपत्ले क्षति पुऱ्याएको कुनै स्थानको भ्रमण गर्नुहोस् र विपत् अगाडि र विपत्पछिको अवस्था बुझ्नुहोस् ।**



**पूर्वज्ञान**

(क) आगलागी कुन समयमा बढी हुने गर्छ ?
(ख) के कारणले आगलागी हुने गर्छ ?
(ग) आगलागी हुन नदिन के गर्नुपर्छ ?

**घुम्ने थलो १**

# प्रकोप र व्यवस्थापन

सामान्यतया प्रकृतिमा आउने विनाशकारी हलचल, रोग, महामारीलाई प्रकोप भनिन्छ । आँधीबेहरी, बाढी पहिरो, भूकम्प, रोग र महामारी आदि प्राकृतिक प्रकोप हुन् । मानिसको नियन्त्रणभन्दा बाहिर हुने भएकाले प्रकोपबाट बच्न अपनाउनुपर्ने सावधानी नै प्रकोप न्यूनीकरणको सर्वोत्तम उपाय हो । भूकम्प र बाढीको प्रकोपलाई केही वर्षअगाडि मात्रै हामीले बेहोरिसकेका छौँ । प्रकोपको जोखिमबाट बच्न वा क्षतिलाई न्यूनीकरण गर्न प्रकोपको प्रकृतिअनुसार सावधानी अनाउन जानकार हुनु आवश्यक छ ।

बाढी पहिरोबाहेक अन्य प्रकोपको कुनै अग्रिम सङ्केत हुँदैन । प्रकोप सधैँ अप्रत्यासित रूपमा आउने गर्छ । यसको सम्भाव्यतालाई दृष्टिगत गरी सधैँ सावधानी अपनाउनुपर्छ । प्रकोपको सन्दर्भमा अग्रिम सावधानी अपनाउने, प्रकोप व्यवस्थापनमा ख्याल राख्ने र सुरक्षात्मक उपाय अपनाउने कुरामा ध्यान दिनुपर्छ । भूकम्प र महामारीको सन्दर्भमा अपनाउनुपर्ने अग्रिम सावधानी माथि उल्लेख गरिएको छ । बाढी पहिरो पनि प्राकृतिक प्रकोपमै पर्छन् । यसको अग्रिम लक्षण पाउन सकिने भएकाले होसियारी अपनाए यसको प्रभावबाट बच्न सकिन्छ । सामान्यतया प्रकोप व्यवस्थापन भन्नाले प्रकोपको समस्यालाई उपयुक्त ढङ्गले समाधान गर्ने व्यवस्था भन्ने बुझिन्छ । यस क्रममा निर्धारित विधिअनुसारै आवश्यक प्रबन्ध मिलाइन्छ । प्रकोप व्यवस्थापनमा निर्धारित विधि मात्र पर्याप्त नभए वा निर्धारित विधिले व्यवस्थापन पक्षलाई सम्बोधन गर्न नसके धनजनको रक्षार्थ जस्तोसुकै कार्य गनुपर्छ । यस्तो चुनौतीपूर्ण अवस्थामा हामीले विधि वा ऐन नियमको परिधिभित्र सीमित रहनेभन्दा विचल्लीमा परेका नागरिकको सुरक्षालाई बढी महत्व दिनुपर्छ ।

प्रकोप व्यवस्थापन भन्नासाथ प्रकोपबाट ग्रसित भइरहेको अवस्थालाई जनाउँछ । प्रकोपबाट बच्न अपनाउनुपर्ने सावधानी र सजगताको चरण समाप्त भएपछि नै प्रकोपको चरण प्रारम्भ हुने हुन्छ । यस चरणमा गर्नुपर्ने व्यवस्थापन पक्षको सबै दायित्व राज्यप्रशासनमा रहन्छ । प्रकोप प्रभावितलाई तत्कालै सुरक्षित स्थानमा पुऱ्याउनुपर्छ । घाइते वा बिरामी परेकालाई चिकित्सकीय सेवा प्रदान गर्नुपर्छ लुगा कपडालगायत खाने बस्नेको व्यवस्था मिलाउने कार्यमा सबैले सहयोग पुऱ्याउनुपर्छ । यस अवस्थामा सरकारको मात्र भर पर्नुहुँदैन । परिस्थिति अनुसार प्रभावकारी व्यवस्थापन काम स्थानीय सरकारको हो । यस अवस्थामा सरकारमा रहेका पदाधिकारीले अपनाउने विवेकपूर्ण कार्य प्रकोप व्यवस्थापन गर्ने उपयुक्त तरिका हुन्छ ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) विपत् भनेको के हो ?
(ख) हामीलाई कस्ता कस्ता विपत् आइपर्न सक्छन् ?
(ग) कुनै पनि प्रकोप आइलाग्नु अगाडि ध्यान दिनुपर्ने तीन कुरा के के हुन् ?
(घ) तपाइँले कुनैपनि प्रकोप देख्नुभयो भने सर्वप्रथम के गर्नुहुन्छ ?
(ङ) प्राकृतिक प्रकोपबाट बच्न के कस्ता उपाय अपनाउनुपर्ला ?

**२. तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) आगलागीबाट बच्न जथाभावी आगोको प्रयोग गर्नुपर्छ ।
(ख) खाली तथा भिरालो जग्गामा रुख बिरुवा रोप्नाले बाढी पहिरोको जोखिम बढी हुन्छ ।
(ग) प्रकोप व्यवस्थापन भनेको प्रकोपको समस्यालाई छोडेर अर्को ठाउँ भाग्नु हो ।
(घ) भूकम्पबाट बच्न हामीले भवन निर्माण मापदण्ड पालना नगरे पनि हुन्छ ।
(ङ) हामीले सावधानी अपनाउनु नै प्रकोप व्यवस्थापनको खत्तम उपाय हो ।

**३. प्रकोपका सन्दर्भमा हामीले अपनाउनुपर्ने तीन चरणका सावधानी छोटकरीमा चर्चा गनुहोस् ।**

**४. तपाईंहरूं आफ्नो वडामा गएर वडाका पदाधिकारीलाई भेटेर प्रकोप व्यवस्थापनका लागि उक्त वडाको के कस्तो तयारी छ, सोधेर लेख्नुहोस् र कक्षामा साथीलाई सुनाउनुहोस् ।**

**घुम्ने थलो २**

## सूचना ! सूचना ! ! सूचना ! ! !

हावाहुरीको मौसममा आगलागीको सम्भावना बढी हुने र त्यसबाट जनधनको क्षतिलगायत विपत्का अन्य घटना हुन सक्ने भएकाले आगलागी जस्तो विपत्का घटना हुन नदिनका लागि सचेतता अपनाउँदै निम्नलिखित कार्य गर्न सूर्यविनायक नगरपालिका हार्दिक अनुरोध गर्छ ।

(क) वनजङ्गलमा जथाभावी डढेलो लगाउने कार्य नगरौँ ।

(ख) सलाई, लाइटर, मटीतेल, पेट्रोल डिजेल जस्ता प्रज्ज्वलनशील पदार्थ सुरक्षित ढङ्गले राखौँ ।

(ग) ग्याँस चुल्हो र ग्याँस चुल्होको पाइप तथा रेगुलेटरलाई नियमित रूपले जाँच गरौँ र सुरक्षित राखौँ ।

(घ) होटल, कारखाना, मिनीमार्केट, ग्याँस पसलहरूमा आकस्मिक सुरक्षाका लागि फायरस्टिङ्ग्युसर राखौँ ।

(ङ) खाना पकाइसकेपछि ग्याँस सिलिन्डरको रेगुलेर अनिवार्य रूपले बन्द गरौँ ।

(च) सार्वजनिक स्थलमा जथाभावी धूमपान नगरौँ । चुरोट बिँडीका ठुटाहरू निभाएर मात्र डस्टबिनमा हालौँ ।

(छ) आफ्नो घरको विद्युत् वायरिङमा कहीँकतै नाङ्गो तार देखिए तुरुन्त मर्मतसुधार गराऔँ ।

(ज) पेट्रोल, डिजेल जस्ता अति प्रज्ज्वलनशील पदार्थ जथाभावी खुला रूपले बेचबिखन नगरौँ र असुरक्षित ढङ्गले नराखौँ ।

(झ) फोहरमैलालाई जलाउने कार्य नगरौँ ।

(ञ) कहीँकतै आगलागीको घटना भएमा १०१ नम्बरमा अग्नि नियन्त्रण गर्ने निकायमा खबर गरौँ ।



### १. किन हुन्छ आगलागी ?

आगलागी हुनुको प्रमुख कारण लापर्वाही हो । बढी तापक्रम र हावाहुरीले पनि आगलागी हुन सक्छ । आगो आफैँमा संवेदनशील पदार्थ हो । हावाहुरीले आगोलाई सहजै एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याइदिन्छ । आगो प्रयोग गर्न अनिवार्य भए पनि त्यसको सुरक्षामा विशेष ख्याल गरिएन भने आगाले ठुलो क्षति पुऱ्याउन बेर लगाउँदैन । आगलागीका घटना हरेक वर्ष

जसो दोहोरिरहेका हुन्छन् । आगलागीका घटना किन हुन्छन् भन्दा कारण पनि फरकफरक आउँछन् । आगोजन्य वस्तु सुरक्षित राख्न र नियन्त्रण गर्न नसक्नु नै प्रमुख कारण हो । सलाई, लाइटर, सल्काइएको चुरोट र चुल्हाको आगो व्यवस्थापन गर्न नसक्दा कुनै पनि बेला आगो लाग्न सक्छ । आगाकै कारण ठुला दुर्घटना निम्तिन सक्छन् । आगलागीकै  कारण ठुलो जनधनको क्षति हुन सक्छ । सलाई, लाइटर सुरक्षित नराख्दा बालबालिकाको हातबाट पनि आगलागी भएको पाइन्छ । यस्तै सलाई कोरेर, चुरोट ननिभाइकन जहाँतहीँ फालिँदा पनि आगो फैलिन सक्छ ।




**२. आगलागी हुनै नदिन के के गर्न सकिन्छ ?**

आगलागी भइहालेमा के कसरी बच्ने र बचाउने भन्नेबारे पनि सचेतना फैलाउन जरुरी छ । आगलागी  हुन नदिन सन्देशमूलक सूचना विभिन्न भाषामा सञ्चारमाध्यम (रेडियो, पत्रिका, टिभी) मार्फत सार्वजनिक गर्नुपर्छ । विपत्का क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी सङ्घसंस्थाबिच आपसी समन्वय र सहकार्यको पनि खाँचो छ । अभिभावकले आगाबाट बच्न, बचाउन सकिने उपायबारे आफ्ना छोराछोरीलाई सम्झाउन सक्नुपर्छ । आगो लाग्न सक्ने त्यस्ता वस्तु बच्चाबच्चीले फेला पर्न नसक्ने स्थानमा सुरक्षित राख्नुपर्छ । यति गर्दा आगलागीबाट हुने ठुलो धनजनको क्षतिबाट बच्न र बचाउन सकिन्छ ।

धन्यवाद

सूर्यविनायक नगरपालिका

**घुमेपछिको काम**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) आगलागी भनेको के हो ?

(ख) आगलागी हुनुका कुनै कारण लेख्नुहोस् ।

(ग) आगलागी हुन नदिन अपनाउनुपर्ने कुनै चार विधि लेख्नुहोस् ।

(घ) तपाईँले कुनै पनि ठाउँमा आगलागी भएको देख्नुभयो भने सर्वप्रथम के गर्नुहुन्छ ?

(ङ) पेट्रोल डिजेल जस्ता पदार्थबाट हुने आगलागी रोक्न हामीले के गर्नुपर्छ ?

**२. तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) सुकेका पातपतिङ्गर ढिलो आगो टिप्छ ।

(ख) आगलागी भएको देखेमा १०१ नम्बरमा फोन गर्नुपर्छ ।

(ग) प्रकोप व्यवस्थापन भनेको प्रकोपको समस्यालाई मिलेर समाधान गर्नु हो ।

(घ) भूकम्पबाट बच्न हामीले भवन निर्माण मापदण्ड पालना नगरे पनि हुन्छ ।

(ङ) हामीले सावधानी अपनाउनु नै प्रकोप व्यवस्थापनको उचित उपाय होइन ।

**३. आगलागी हुन नदिन हामीले अपनाउनुपर्ने मुख्य पाँचवटा सावधानीको सूची तयार पार्नुहोस् ।**

**सामूहिक कार्य**

**आगलागी, यसबाट हुने जनधनको क्षति र यसबाट बच्ने उपाय समेटेर चार्ट पेपरमा प्रस्तुत गर्नुहोस् र कक्षामा टाँस्नुहोस् ।**

**निस्कने ढोका**

**शिक्षकलाई अनुरोध गरेर नगरपालिका कार्यालय भ्रमण गर्नुहोस् र आगलागी नियन्त्रण गर्न पालिकाले के कस्तो व्यवस्था गरेको रहेछ, सोधेर लेख्नुहोस् ।**